CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

हनुमानढोका दरबार संग्रहालय
हनुमानढोका

हनूमान्‌ढोकादरबार मनमोहनचोकको दलानको शिलापट्ट र त्यहाँका शिलामूर्ति



नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
हनुमानढोका दरबार संग्रहालय विकास समिति
(२०७६)

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

हनुमानढोका दरबार संग्रहालय
हनुमानढोका

हनूमान्ढोकादरबार मनमोहनचोकको दलानको शिलापट्ट र त्यहाँका शिलामूर्ति



अनुसन्धानकर्ता र लेखक

डा. महेशराज पन्त
पि. वि. एण्ड सप्लार्यस प्रा.लि., गोकर्ण

प्रकाशक

हनुमानढोका दरबार संग्रहालय विकास समिति

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

विशेष धन्यवाद

सचिव श्री मोहनकृष्ण सापकोटा
संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
अध्यक्ष, हनुमानढोका दरवार संग्रहालय विकास समिति

नि. महानिर्देशक श्री दामोदर गौतम पुरातत्त्व विभाग
उपाध्यक्ष, हनुमानढोका दरवार संग्रहालय विकास समिति

प्रकाशन सहयोगी

श्री जयनारायण कार्की, संग्रहालय अधिकृत
श्री दिलिप मिश्र, लेखा अधिकृत
श्री सुनिल डंगोल, छविकार
श्री मन्जरी प्रधान, पुरातत्त्व अधिकृत
श्री मिठ्ठाराम पुडासैनी, स्टोर किपर
श्री धमेन्द्र मर्हजन, कम्पुटर सहायक

प्रकाशक : हनुमानढोका दरबार संग्रहालय विकास समिति
फोन नं. : ०१ ४२५८०३५
Website : www.hanumandhokamuseum.gov.np
Email : hanumandhokadurbarmuseum@gmail.com

प्रकाशन मिति : वि. सं. २०७६

प्रकाशित प्रति : ५०० प्रति

मुद्रकः कोशी प्रिन्टिङ्ग प्रेस । बबरमहल । फोन नं. ४२२५६९६ । इमेल : koshipress@gmail.com

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

भूमिका

सुदिर्घकालदेखि राजकाजको केन्द्र भएर आएको हनुमान्ढोका दरवारको ऐतिहासिक, धार्मिक र कलात्मक ढङ्गले परिशीलन गरी त्यसको विविध पक्षलाई उजागर गर्ने काम केही वर्ष यतादेखि हनुमान्ढोका दरवार संग्रहालयले गर्दै आएको कुरा यस विषयमा चाख राख्ने विज्ञ जनहरुलाई थाहै छ । यसै क्रममा आर्थिक वर्ष २०७५।७६ मा हामीले २ वटा अनुसन्धनात्मक कृति प्रकाशित गर्ने लक्ष्य राखेका थियौं । त्यसै योजना अनुसार तया भएको एउटा पुस्तक **हनुमान्ढोका दरवार मनमोहन चोकको दलानको शिलापट्ट र शिलामूर्ति** हो । हाम्रो योजनाअनुसार यो पुस्तक तयार गरी दिनु हुने डा. महेशराज पन्तलाई धन्यवाद ज्ञापन गर्दछु । प्रस्तुत पुस्तकमा हनुमानढोका भित्रका विभिन्न चोकमध्ये हाल बोलिचालीमा रहेको मोहनकाली चोक (मनमोहन चोक) स्थित उत्तर दलानमा रहेको प्रस्तरमूर्ति फलक र अभिलेखसहितको शिलाफलक अध्ययन गराई चित्रसहितको विवरणात्मक विषयवस्तुलाई समेटेर प्रकाशन गरिएको छ । यस अनुसन्धनात्मक पुस्तकले विद्वान, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी लगायत सम्बद्ध विषयमा चासो राख्ने वर्गहरुलाई समेत सहयोग पुऱ्याउने छ । अहिले यो पुस्तक जनसमक्ष ल्याउन पाउँदा संग्रहालय गौरवान्वित भएको छ ।

अरूणा नकर्मी
कार्यकारी निर्देशक
हनुमानढोका दरवार सग्रहालय विकास समिति

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

विषयसूची

उदाहार १

मनमोहनचोकको दलानको शिलापट्टको मूलपाठ ११

मनमोहनचोकको दलानको शिलापट्टको उल्था २०

मनमोहनचोकको दलानको शिलापट्टको फ्याक्सिमिलि २९

१ क्रोडपत्र

लक्षप्रतापेश्वरको मूर्ति ४९

मनमोहनचोकको स्वर्णपत्रको मूलपाठ ५०

मनमोहनचोकको स्वर्णपत्रको फ्याक्सिमिलि ५१

मनमोहनचोकको धाराको अभिलेखको मूलपाठ ५२

मनमोहनचोकको धाराको अभिलेखको फ्याक्सिमिलि ५३

मनमोहनचोकको दलानका गरुडासन विष्णु, दशावतार, बालगोपाल र कृष्णलीलाका मूर्ति ५७

मनमोहनचोकको दलानका पाश्चात्त्य शैलीका मूर्ति ७५

२ क्रोडपत्र

पाटन भण्डारखालका दशावतारमूर्ति ८४

पाटन भण्डारखालका पाश्चात्त्य शैलीका शिलामूर्ति ८९

यो पुस्तक तयार पार्दा काम लिइएका साधनको तालिका ९२

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

उदाहार

१. वर्तमान हनूमान्ढोकादरबार मल्लकालदेखि गद्दीनशीन राजाहरूको वासस्थान भएर आएको कुराको ज्यादै प्रचार भए पनि लिच्छविकालमा पनि त्यही ठाउँमा कुनै न कुनै प्रकारको दरबार थियो भन्ने कुरा त्यहाँ भेट्टाइएको शिलालेखमा **चिरन्तनं लिच्छविराजकारितं पुरातनैर्व्वृत्तिभटैरुपेक्षि[तं]** (धनवज्र वज्राचार्य २०३०:९१ संख्या) अर्थात् **लिच्छवि राजाले बनाएको, पुरानो, वृत्ति पाएका सैनिकहरूले वास्ता नराखेको** इत्यादि लेखी त्यहाँ प्राचीन परम्पराअनुसार दरबारको खोपीमा व्यभिचार नहोओस् भनी राखिने **किरात** र **वर्षधर** अर्थात् **खसी पारिएका लोग्नेमान्छेको** पनि चर्चा आएकोले स्पष्ट हुन्छ (महेशराज पन्त २०४२) ।

२. नेपालका राजाहरूमा प्रताप मल्ल (वि.सं. १६८०-१७३१, राज्यकाल वि.सं. १६९८-१७३१) जति प्रसिद्ध राजा ज्यादै कम छन् । उनको प्रसिद्धि विजययात्रा, सुशासन र न्यायप्रियता आदिले भन्दा कीर्तिले अर्थात् निर्माणकार्यले भएको हो । काठमाडौँ राज्यका देवालयमा र उनको दरबार अर्थात् हनूमान्ढोकामा उनका कीर्ति नपाइने ठाउँ नै छैन भने पनि त्यति बढ्ता बोलेको ठहरिँदैन । उनका कीर्तिमध्ये हनूमान्ढोकादरबारको मनमोहनचोक[1] पनि मुख्य हो । दरबारमा चोक खडा गरी चोकिर त्यस चोकलाई घरले घेरी चोक बनाउने चलन हामीकहाँ पछिसम्म पनि थियो । चारैतिर घर भएको चोकको जे नाउँ छ, त्यही नाउँले त्यो दरबार प्रसिद्ध हुने रहेछ भन्ने कुरा त्यहाँ टेकाइएको घर **सुन्दरचुक राजकुल** भन्ने नाउँले प्रसिद्ध भएको कुरा अहिले यहाँ छपाउन लागेको शिलापट्टबाट बुझिन्छ (९ पङ्क्ति) ।

---

१ यस चोकको चलनचल्तीको नाउँ **मोहनचोक** भए पनि प्रताप मल्लको यही अभिलेख (यही पुस्तकको १२ पृ. = मूलको ६ पङ्क्ति) र त्यहाँका अरू अभिलेख (यही पुस्तकको १३ पृ. = मूलको ९ पङ्क्ति, यही पुस्तकको १४ पृ. = मूलको १० पङ्क्ति, यही पुस्तकको १४ पृ. = मूलको ११ पङ्क्ति, यही पुस्तकको १४ पृ. = मूलको १२ पङ्क्ति, यही पुस्तकको १८ पृ. = मूलको १८ पङ्क्ति)मा **मनमोहनचुक** तथा यो चोक बनाई राखिएको सुवर्णपत्रमा **मनमोहनचौक** (यही पुस्तकको ५० पृ. = मूलको ४ पङ्क्ति) भनी लेखिएकोले यस पुस्तकमा मैले सर्वत्र **मनमोहनचोक** शब्दको प्रयोग गरेको छु । यस चोकको पश्चिम लङको भुइँतलामा अष्टमातृकाका मूर्ति भएकाले र ती मूर्ति **मोहनकाली** भन्ने नाउँले प्रसिद्ध भएकाले (गौतमवज्र वज्राचार्य २०३३:१०१) आजभोलि यस चोकलाई एक थरीले **मोहनकालीचोक** भन्ने नाउँले पनि व्यवहार गरिराखेका छन् । तात्कालिक टिपोटमा **मनमोहनचुक** होइन कि **मोहनचुक** भेटिने कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ (उदाहरणको लागि, महेशराज पन्त २०७३:१६९ हेर्नू) ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

३. मनमोहनचोकको उत्तरपट्टिको लङमा लामो दलान छ । त्यस दलानको उत्तरपट्टि रहेको निदालमा ठोकेर राखिएको सुवर्णपत्र अर्थात् तामामा सुनको जलप लगाइएको पाता[२] अनुसार त्यो दरबार प्रताप मल्लले ने.सं. ७६९ तदनुसार वि.सं. १७०५ मा बनाएको देखिन्छ । एउटा रमाइलो कुरा, हनूमान्ढोकाको बाहिरपट्टिको पटाङ्गिनीको पश्चिमपट्टि रहेको वंशगोपालमन्दिरको मितिभन्दा मनमोहनचोकको दरबारको मिति एक दिनपछिको मात्र छ । खुलाएर भन्दा, वंशगोपालमन्दिरको शिलापत्रको मिति ने.सं. ७६९ फाल्गुनकृष्णषष्ठी छ[३] त मनमोहनचोकको सुवर्णपत्रको मिति ने.सं. ७६९ फाल्गुनकृष्णसप्तमी छ[४] ।

४. मनमोहनचोकको त्यस दलानमा पश्चिम फर्केको निकै चौडा फलँचा छ । त्यस फलँचाले जति ठाउँ ओगटेको छ, त्यति ठाउँ छोडेर भित्ताभरि शिलामूर्ति र शिलापट्ट छन् । पहिलो लहरमा गरुडासन विष्णुपछि दशावतारका मूर्ति र राधाकृष्णको प्रणयलीला प्रकट गर्ने मूर्ति तेर्सो पारेर लहरै राखिएका छन् । ती मूर्तिमा पहेँलो, रातो, नीलो रङ्ग विषयवस्तु हेरेर लगाइएका छन् ।

५. *गीतगोविन्द*को आधारमा रचिएका मूर्तिभन्दा मुनिको लहरमा पत्थरकै, स्थायी रूपले पूरै कालो रङ्ग लगाइएका मूर्ति छन् । ती मूर्ति अघिल्ला मूर्ति जस्तो धार्मिक नभई सांसारिक हुन् । तर ती मूर्तिको रूपरङ्ग र भेषभूषा आदि हेर्दा ती मूर्ति हाम्रो परम्पराका नभई पाश्चात्त्य परम्पराका देखिन्छन् । केही मूर्तिमा भने हाम्रो यताातिरका स्त्री र पुरुष देखिन्छन् ।[५]

६. एघाह्रौँ शताब्दीमा पूर्वी भारतका जयदेवले रचेको *गीतगोविन्द*को नेपालमा ठूलो प्रभाव छ । अहिले पनि यहाँका मन्दिरमा *गीतगोविन्द* गाइने परम्परा छ र वसन्तपञ्चमीको दिन हनूमान्ढोकादरबारको नासलचोकमा *गीतगोविन्द*को पाठ अहिलेसम्म चलिरहेको छ । खुद प्रताप मल्ल र उनका छोरा मान्धाता सिंहले *गीतगोविन्द*को अनुकृतिमा काव्य रचेको पनि भेट्टाइएको छ (महेशराज पन्त २०७६क) । यी कारणले ती मूर्ति *गीतगोविन्द*बाट अनुप्राणित भई रचिएका हुन् भन्ने मेरो ठम्याइ छ ।

दशावतारका र पाश्चात्त्य परम्पराका मूर्ति पाटन भण्डारखालमा पनि भएकाले तुलनात्मक परिशीलन गर्नतर्फ पहिलो पाइलाको रूपमा तिनका चित्र पनि यस पुस्तकमा गाभिएका छन् ।[६]

---

२ यही पुस्तकको ५० पृ. ।

३ महेशराज पन्त २०७६:२२-२५ ।

४ यही पुस्तकको ५० पृ. ।

५ यही पुस्तकमा *पाश्चात्त्य शैलीका शिलामूर्ति* ९, १४, १५, १७ सङ्ख्या ।

६ यही पुस्तकमा *पाटन भण्डारखालका दशावतारमूर्ति* र *पाश्चात्त्य शैलीका शिलामूर्ति* हेर्नू ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

७. यो शिलालेख ९ वटा शिलापट्टमा ४ पङ्क्तिमा, ६ वटा शिलापट्टमा १३ पङ्क्तिमा, अघिल्लो नाःग्व (डील)मा २ पङ्क्तिमा र पछिल्लो नाःग्वमा १ पङ्क्तिमा गरी जम्मा २० पङ्क्तिमा तेर्सो पारी कुँदिएका लेख भित्ताभरि राखिएका छन् । लेखको एक खण्ड पूर्वपट्टि र अर्को खण्ड दक्षिणपट्टि फर्केको छ । पूर्वपट्टि फर्केको खण्ड २.६४ मिटर लामो र दक्षिणपट्टि फर्केकोचाहिँ ६.५९ मिटर लामो छ ।

८. मनमोहनचोकदरबारको दलानको यस शिलापट्टको मूलपाठ गौतमवज्र वज्राचार्यले छपाएका छन् (२०३३:२० संख्या) । उनको पाठ ठाउँठाउँमा मूलअनुसारको छैन भन्ने कुरा उनको र हाम्रो पाठ दाँजेर हेर्दा स्पष्ट हुन्छ ।

९. यस शिलापट्टको भौतिक अवस्था निकै बिग्रेर गइरहेको छ । यसको मुख्य कारण त यस दलानमा ओस आउनाले हो कि जस्तो मलाई लाग्छ । खास गरी अहिले पनि उत्तरपट्टिको शिलाखण्ड ओसले लपक्क भिजेको छ । आजभन्दा ४३ वर्षअगाडि गौतमवज्र वज्राचार्यले छपाएका अक्षरमध्ये अहिले निकै नै नदेखिने भइसकेका छन् भनी भन्नुपर्दा दुःख लाग्छ ।

१०. यस पुस्तकको मूल विषयवस्तु मनमोहनचोकको दलानका शिलापट्ट भएकाले त्यसकै विषयमा लेखौं । लहरै अक्षर कुँदिएका भए पनि यस शिलापट्टमा ७ वटा लेख छन्–

१. मनमोहनचोकको सुनधारामा प्रतिष्ठापित ३६ थरी शक्तिसहितका देवताहरूको नित्य-नैमित्तिक पूजाभागसम्बन्धी विवरण (१-६ पङ्क्ति) ।

२. सुन्दरचोकमा प्रतिष्ठापित लक्षप्रतापेश्वरको पूजाआजाको लागि राखिएको गूठीका जग्गाको र त्यहाँ नित्य-नैमित्तिक पूजा तथा भवानीशङ्करको पूजासम्बन्धी विवरण लेखिएको ने.सं. ७७१ फाल्गुनशुक्लतृतीयाको लेख (६-८ पङ्क्ति) ।

३. सुन्दरचोकमा सुनधारा बनाई प्रताप मल्लले दिवङ्गत आफ्नी महारानी रूपमतीलाई जलदान दिएको कुरा भएको ने.सं. ७७१ फाल्गुनशुक्लतृतीयाको लेख (८-९ पङ्क्ति) ।[७]

---

७ आठौँ पङ्क्तिमा मिति दिइसकेपछि समाप्तिबोधक चिह्न ৩ हालिएको र नवौँ पङ्क्तिमा पनि मिति दिइसकेपछि त्यही चिह्न ৩ हालिएकोले यी २ लेख अलग अलग हुन् भन्ने स्पष्ट हुन्छ । हामीले पहिलो भनी छुट्याएको लेखको अन्त्यमा अर्थात् छैटौँ पङ्क्तिमा त्यस्तो चिह्न नआए पनि आशीर्वचन र दृष्टसाक्षी आएकोले यी ३ लेख अलग अलग मानिएको हो ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

४. प्रतापमल्लले सुनधारासहितको सुन्दरचोक भन्ने दरबार बनाई त्यसको संरक्षण गर्नू र मनमोहनचोकको सुनधारामा प्रतिष्ठापित भवानीशङ्करको पूजाआजाको लागि १ खा बगँचामा फूलबाहेक अरू नरोप्नू भन्ने विषयको ने.सं. ७७२ को लेख (९-१० पङ्क्ति) ।

५. भगवतीपुरकी राजपुत्री, आफ्नी महारानी लालमती र गुजरातदेशबाट ल्याइएकी रानीसाहेब लालदेवीले मनमोहनचोकको सुनधारामा प्रतिष्ठापित देवताहरूको पूजाआजाको लागि राखेको गूठीसम्बन्धी ने.सं. ७७२ भाद्रशुक्लको लेख (१०-१२ पङ्क्ति) ।

६. प्रताप मल्लले रचेको सर्वापराधस्तोत्र (१२-१६ पङ्क्ति) ।

७. मनमोहनचोकको सुनधारामा स्थापना गरिएका देवताहरूको पूजाआजाको लागि प्रताप मल्लले राखेका गूठीको विवरण दिई राखिएको ने.सं. ७७३ को लेख (१६-२० पङ्क्ति) ।

१०.१. पहिलो शिलालेख नेवारी भाषामा छ । त्यहाँ मिति छैन । सुनधाराको प्रतिष्ठा ने.सं. ७७२ तदनुसार वि.सं. १७०८ माघपूर्णिमाको दिन भएकोले[८] यस शिलालेखको समय त्यसै ताकाको हुनुपर्छ । शिलापट्ट ठाउँठाउँमा खण्डित हुँदा जम्मै कुरा बुझिँदैन ।

कालिकालाई नमस्कार गरी पहिलो शिलालेखको उठान गरिएको छ । मनमोहनचोकको पश्चिम लङ्को भुइँतलामा प्रतिष्ठापित अष्टमातृकाका मूर्ति मोहनकाली भन्ने नाउँले प्रसिद्ध भएकाले यो चोक मोहनकालीचोक भन्ने नामान्तरले पनि प्रसिद्ध छ । यस कारण यस चोकमा राखिएको यो शिलालेख कालिकालाई नमस्कार गरी उठाइएको सार्थक देखिन्छ ।

आफूलाई रघुवंशी भन्ने प्रताप मल्लले कहीँ आफ्नो वंश विष्णुबाट उठाई, सूर्य र वैवस्वत मनुको नाम लिएपछि त्यस वंशमा जन्मेका दिलीपदेखि रामका छोरा लवसम्म ६ पुस्ताको पुस्तेवारी दिई त्यही वंशमा जन्मेका हरिसिंहदेवको नाउँ लिएर त्यसपछि यक्ष मल्लदेखि आफूसम्मको नौ पुस्ताको नामनमेसी दिएका छन्, कहीँ सूर्यवंशी रघुको कुलमा जन्मेका रामचन्द्रदेखि उठाई उनको वंशमा जन्मेका कर्णाटवंशी नान्यदेवदेखि हरिसिंहदेवसम्मको नाउँ लिई उनको वंशमा जन्मेका

८ यही पुस्तकको ५२ पृ. ।

९ भगवान्लाल इन्द्रजी र गेओर्ग ब्यूलर १९३७:१८ सङ्ख्या ।
डिल्लीरमण रेग्मी २०२३:६० सङ्ख्या ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

यक्ष मल्लदेखि आफूसम्मको पुस्तेवारी दिएका छन्,[१०] कहीँ हरसिंहदेवदेखि उठाई उनको वंशमा जन्मेका यक्ष मल्लदेखि आफूसम्मको पुस्तेवारी दिएका छन्[११] त कहीँ सूर्यवंशमा जन्मेका रामचन्द्रको नाउँ लिई उनको वंशमा जन्मेका हरसिंहदेवको नाउँ लिई उनको वंशमा जन्मेका आफ्ना बराजुका बाबु महेन्द्र मल्लदेखि आफूसम्मको पुस्तेवारी लगातार दिएका छन्[१२] । यस शिलालेखमा चाहिँ महेन्द्र मल्लका छोरा शिवसिंहदेखिको मात्र नाम देखिन्छ । शिवसिंहको नाउँ आउनुभन्दा अगाडिका केही अक्षर गइसकेकाले यहाँ एकाध पूर्वजको नाउँ हुने सम्भावना भने नभएको होइन । तर अन्यत्र जस्तो लामो पुस्तेवारी दिइएको छैन भन्ने कुरा छोटकरीमा मात्र लेखियो भनी यहाँ लेखिएकोले स्पष्ट हुन्छ । शिवसिंहपछि भने उनको पुस्तेवारी यस शिलालेखमा लगातार आएको छ । त्यसपछि उनले आफ्ना अरू अरू अभिलेखमा जस्तै ससुराली कुचविहारको राजवंशको चार पुस्ते वंशावली अर्थात् बूढाससुरादेखि जेठानसम्मको नाउँ दिएका छन् ।

मुलम्मा लगाइएका, ३६ थरी शक्तिसहितका देवताको प्रतिष्ठा मनमोहनचोकको सुनधारामा गरेको कुरा यस शिलालेखमा लेखिएको छ त त्यही सुनधारामा कुँदिएको अभिलेखमा भने ३४ थरी शक्तिसहितका देवताको त्यहाँ प्रतिष्ठा गरियो भनी लेखिएको कुरा यहाँ भन्नुपर्छ ।[१३]

माघपूर्णिमामा गरिने पूजाको लागि छुट्ट्याइएको पूजाभाग त्यस धारामा स्थापना गरिएका देवताको लागि हो भन्ने बुझिए पनि शिलापट्ट ठाउँठाउँमा खण्डित भएकोले जम्मै कुरा स्पष्ट हुँदैन । त्यसै गरी भवानीशङ्कर आदिको पूजाभागको पनि चर्चा आएको छ । तर यो पूजा कहिले गरिने हो भन्ने कुरा लेख खण्डित भएकोले स्पष्ट छैन ।

फाल्गुनपूर्णिमामा गरिने वंशीधरको पूजाभाग छुट्ट्याएपछि इन्द्रजात्रामा गरिने इन्द्रपूजाको लागि छुट्ट्याइएको पूजाभागको कुरा छ । बीचमा लेख खण्डित भएकोले जम्मै कुरा नबुझिए पनि सप्तवक्त्र अर्थात् सात मुख भएका नरसिंहको तथा वराह र अष्टभैरवको लागि पूजाभाग छुट्ट्याइएको छ । तर यो पूजा कहिले गरिने हुन् भन्ने कुरा लेख खण्डित भएकोले स्पष्टसँग भन्न नसकिए पनि आश्विनअष्टमी (आश्विनशुक्ल-अष्टमी ? = बडादसैंको महाष्टमी ?)मा गरिने हो कि जस्तो लाग्छ ।

---

१० महेशराज पन्त २०७६:२२-२४ ।
११ नरहरिनाथ २०१०:१७-१९ ।
१२ यही पुस्तकको ५२ पृ. ।
१३ उही ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

त्यसपछि **कार्तिकशुक्ल सुखरात्रि**को अघिल्लो दिनको लागि छुट्ट्याइएको पूजाभागको कुरा आउँछ। पशुपतिको गर्भगृहमा गौरीको रूपमा यक्ष मल्ल (वि.सं. १४६५-१५३८, राज्यकाल वि.सं. १४८५-१५३८) की आमा संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रमा **सुखरात्रि**को दिन त्यस प्रतिमामा चढाउनुपर्ने कुरा लेखिएको सम्झना यस प्रसङ्गमा हुन्छ (महेशराज पन्त २०६३:१७-१८)। सामान्यतया तिहारमा हुने **लक्ष्मीपूजा**कै पर्यायको रूपमा **सुखरात्रि** शब्द चलेको छ (पाण्डुरङ्ग वामन काणे २०३१:४४९) तापनि **लक्ष्मीपूजा**मा र **सुखरात्रि**मा कहिलेकहीँ घडीपलाले गर्दा सामान्य भेद पर्न जान्छ। यो कुरा धर्मशास्त्रका निबन्धग्रन्थ र पञ्चाङ्गबाट स्पष्ट हुन्छ। यो भेद छुट्टै लेखको विषयवस्तु भएकोले यहाँ यस विषयमा बढी लेख्दा विषयान्तर हुन जान्छ। हाम्रो यस शिलालेखमा आएको **सुखरात्रि** शब्दले चाहिँ **लक्ष्मीपूजा**को दिनलाई बुझाएको देखिन्छ।

त्यसपछि कार्तिकपूर्णिमामा दुइ नारायणको पूजाको लागि छुट्ट्याइएको पूजाभागको कुरा छ। कार्तिक महीनाभर खास गरी चतुर्मास सिद्धिएको दिन अर्थात् हरिबोधिनी एकादशीदेखि पूर्णिमासम्म नारायणको विशेष पूजा गर्ने चलन अद्यावधि भएकोले यसको विशेष व्याख्याको जरूरत छैन। **दुइ नारायण** भनेर कुन कुन नारायणलाई भनेको हो, स्पष्ट छैन।

त्यसपछि श्रावणपूर्णिमा अर्थात् जनैपूर्णिमाको दिन **दक्षिणायनजुपुखुलि**मा गरिने वायुपूजाको लागि भाग छुट्ट्याइएको छ। दक्षिणायनपोखरी भनी कुन पोखरीलाई भनिएको हो, त्यो कुरा स्पष्ट छैन। हनूमान्ढोकादरबारको दक्षिण भागमा अहिले पनि नागपोखरी छ। श्रावण महीना नागसँग सम्बद्ध छ र श्रावणशुक्लपञ्चमीमा नागपूजा हुने त प्रसिद्धै छ। कहिले कहिले पञ्चाङ्गको कारणवश पूर्णिमाको दिन पनि नागपूजा पर्न सक्छ। **दक्षिण** मात्र नलेखी पोखरीमा **अयन** र **जु** शब्द किन जोडिए यो अनुसन्धेय छ। श्रावण महीनादेखि दक्षिणायन लाग्ने हुनाले कतै सूर्यको गति बुझाउन **अयन** शब्दको प्रयोग भएको हो कि ?

बर्सेनि फाल्गुनकृष्णचतुर्दशीको दिन शिवरात्रिमा गरिने पञ्चवक्त्र अर्थात् पाँच मुख भएका शिवको पूजाको लागि चाहिने सामानको विषयमा त्यसपछि लेखिएको छ।

अन्त्यमा पुजारीहरूलाई र गुठियारहरूलाई दिनुपर्ने चामलको कुरा छ। अघिल्लालाई ९० पाथी चामल दिनुपर्ने कुरा बुझिए पनि पछिल्लालाई कति दिनुपर्ने हो भन्ने कुरा लेख खण्डित हुनाले बुझिँदैन।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

१०.२. सुन्दरचोकमा दरबारको उत्तरपट्टिको लङ्मा भुइँतलामा पश्चिमोत्तर कुनामा लक्षप्रतापेश्वरको मूर्ति छ ।[१४] दोस्रो शिलालेख लक्षप्रतापेश्वरसँग सम्बद्ध छ । यो शिलालेख पनि नेवारी भाषामै छ ।

लक्षप्रतापेश्वरको पूजाआजाको लागि ने.सं. ७७१ फाल्गुनशुक्लतृतीयामा प्रशस्त जग्गा गूठी राखिएको कुरा यस शिलालेखबाट बुझिन्छ । तर यो शिलापट्ट खण्डित भएकोले यति नै रोपनी जग्गा गूठी राखिएको थियो भनी भन्न नसकिए पनि बाँकी रहेको अंशबाट मात्र पनि ठाउँठाउँमा ४८ रोपनी जग्गा गूठी राखिएको स्पष्टै बुझिन्छ । त्यस आयस्ताबाट शिवपुरीमा भवानीशङ्करको नित्य पञ्चोपचारपूजा यति यति सामग्रीले गर्ने र वार्षिकपूजाको लागि पनि सामग्री तोकिएको छ ।

पहिलो शिलालेखमा पनि भवानीशङ्करको पूजाको चर्चा छ (३ पङ्क्ति) । यहाँ पनि भवानीशङ्करको नित्यपूजाको चर्चा आएको कुरा भरखरै माथि देखियो । पहिलोबाट कहाँको भवानीशङ्करको पूजा गर्ने हो भन्ने खुल्दैन, तर यताबाट शिवपुरीको भन्ने थाहा हुन्छ । ४ सङ्ख्याको शिलालेखबाट मनमोहनचोकको सुनधारामा नै भवानीशङ्करको मूर्ति प्रतिष्ठापित गरिएको स्पष्ट (१० पङ्क्ति) भए पनि त्यहाँ रहेको भवानीशङ्करको मूर्ति चिन्न सकिएको छैन । तर मनमोहनचोकको सुनधाराको वरपर रहेका मूर्तिमध्ये एउटा भवानीशङ्करको हुनुपर्छ ।

१०.३. तेस्रो शिलालेख अत्यन्त संक्षिप्त रूपको छ र त्यहाँ सुन्दरचोकमा सुनधारा बनाएर प्रताप मल्लले आफ्नी पत्नी रूपमतीलाई ने.सं. ७७१ फाल्गुनतृतीयाको दिन जलदान दिएको कुरा लेखिएको छ ।

१०.४. प्रताप मल्लको मात्र होइन, अरू मल्ल राजाहरूले पनि आफूलाई **श्रीमन्मानेश्वरीष्टदेवतावरलब्ध** अर्थात् **श्रीमानेश्वरी इष्टदेवताको वरबाट पाएको** भनी लेख्ने गरेकोमा **राजराजेश्वरीष्टदेवतावरलब्ध** अर्थात् **राजेश्वरी इष्टदेवताको वरबाट पाएको** भनी चौथो शिलालेखमा लेखिएको चाखलाग्दो छ ।

पछि हुने कुनै पनि राजाले सुनधारासहितका मनमोहनचोक र सुन्दरचोक दरबारको मर्मत गरेको खण्डमा उसलाई यो यो पुण्य हुन्छ भनी चौथो शिलालेख उठाइएको छ । त्यसपछि मनमोहनचोकको सुनधारामा प्रतिष्ठापित भवानीशङ्करको पूजाआजाको लागि चारकिल्ला खुलाई १ खा बगँचा छुट्याइएको छ । त्यस बगँचामा फूलबाहेक

१४ यही पुस्तकको ४९ पृ.मा यस मूर्तिको चित्र छ ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

अरू थोक रोप्न यहाँ निषेध गरिएको छ । तर यो बगँचा कुन हो भनी चिन्न सकिएको छैन । यस शिलालेखमा तिथिमिति नदिई खालि संवत् ७७२ मात्र लेखिएको छ ।

१०.५.पाँचौं शिलालेख प्रताप मल्लले भगवतीपुरबाट विवाह गरी ल्याइएकी महारानी लालमती र गुजरातबाट ल्याइएकी रानीसाहेब लालदेवीले मनमोहनचोकको सुनधारामा प्रतिष्ठापित देवताहरूको पूजाआजाको लागि राखेको पाँच रोपनी गूठीको आयस्ताबाट गरिने पूजाआजा र पूजासामानको सम्बन्धमा छ । यहाँ लेख खण्डित भएकोले जम्मे कुरा नबुझिए पनि कार्तिक महीनाभर हरेक दिन मनमोहनचोकको शिवभवानीमन्दिर र त्यहाँको धारामा स्थापना गरिएका देवताहरूको पूजा गर्नुपर्ने कुराचाहिँ स्पष्टसँग बुझिन्छ । तिथि नदिइएको यस शिलालेखको मिति ने.सं. ७७२ भाद्रशुक्ल छ । यस शिलालेखमा प्रताप मल्लले आफ्नो ससुरासमेत गरी भगवतीपुरका राजाको सात पुस्ते वंशावली दिएका छन् ।

एउटा चाखलाग्ने कुरा, यस शिलालेखको अन्त्य **नेवारभाषा तया** अर्थात् **नेवारभाषामा राखियो (लेखियो)** भनी गरिएको छ । हाम्रा अभिलेखमा **नेवार** शब्दको पहिलो उल्लेख अहिलेको लागि यही भएको छ (महेशराज पन्त २०६९:१५३-१५५) ।

१०.६.छैटौँ शिलालेख पूरै संस्कृतभाषामा छ । १८ श्लोकमा स्रग्धरा छन्दमा लेखिएका यो पद्य भाषाको दृष्टिले पनि सुन्दर छन् । तर यस शिलापट्टका अरू अरू खण्ड जस्तै यो स्तोत्र पनि खण्डित छ । तर यही स्तोत्र प्रताप मल्लको गुह्येश्वरीको शिलालेख (नरहरिनाथ २०१०:२६-३० पृ.) मा र हनूमान्ढोका तलेजुमन्दिरको दायाँपट्टिको सुवर्णद्वारको अभिलेखमा पनि कुँदिएकोले (गौतमवज्र वज्राचार्य २०३३:३४ संख्या) अहिले छाप्न लागेको शिलापट्ट ठाउँ ठाउँमा खण्डित भए पनि खण्डित पाठको उद्धार गर्न सम्भव भएको छ । फरक के छ भने, मनमोहनचोकको शिलालेखमा **श्रीगणेशलाई नमस्कार** भनी लेख उठाइएको छ त अरू दुइमा चाहिँ **कालिका**लाई खुलाएर भन्दा, मनमोहनचोकको**मा श्रीगणेशाय नमः** भएकोमा गुह्येश्वरीकोमा **ॐ नमः श्री ३ कालिकायै** र तलेजुकोमा चाहिँ **श्रीश्रीश्रीकालिकायै नमः** छ । मनमोहनचोकको शिलापट्टमा पहिलो शिलालेखको उठानमै **श्री ३ कालिकायै नमः** (१ पङ्क्ति) भनी लेखिएकोले पनि यहाँ **श्रीगणेशाय नमः** लेखिएको हुनुपर्छ ।

१०.७.सातौं शिलालेखको लामो प्रशस्तिवाक्य प्रतापमल्लले मनमोहनचोकमा राखेको भूगोलको लेखसँग ठ्याक्कै जस्तो मिल्छ (गौतमवज्र वज्राचार्य २०३३:२५ सङ्ख्या मूलको ७४ पङ्क्ति) । त्यस शिलालेखमा प्रशस्तिभन्दा पछिको वाक्यमा [...

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

महाराजाधिराजश्रीश्रीजयप्रतापमल्लदेवेन स्थापितं ॰ लिपिसंघसंवृतशिलापट्टमिद (१७ पङ्क्ति) भन्ने लेखिएकोले शिलालेखको समूह भएको यस शिलापट्टमा लेखिएको कुरालाई लिपिसंघ शब्दले सङ्केत गरेको देखिन्छ ।[१५]

सातौँ शिलालेखको संवत् ने.सं. ७७३ हो, त्यहाँ महीना, पक्ष, तिथि इत्यादि भने त्यहाँ दिइएको छैन । यो शिलालेख मनमोहनचोकको सुनधारामा राखिएका देवताहरूको गरिने पूजाको विषयमा छ । यताबाट यस शिलालेखको सम्बन्ध पहिलो शिलालेखसँग छ कि जस्तो देखिन्छ । खेतको आयस्ताबाट पूजाआजा चलाउन प्रताप मल्लले ठाउँठाउँका खेत गूठी राखेको कुरा यहाँ लेखिएको छ । शिलापट्ट खण्डित भएकोले यति गूठी राखिएको थियो भनी ठोकेर भन्न नसके पनि कमसेकम ३४ रोपनी १२ आना जग्गा गूठी राखिएको स्पष्ट बुझिन्छ ।

हरेक पूर्णिमाको दिन यति यति वस्तु राखी चन्द्रमालाई अर्घ दिई पूजा गर्नुपर्छ र मनमोहनचोकको सुनधारामा स्थापना गरिएका देवताहरूलाई पनि महीनैपीछे पूर्णिमाको दिन यति यति वस्तु राखेर पूजा गर्नुपर्छ र होम पनि गर्नुपर्छ भनी यस शिलालेखमा लेखिएको छ । ती देवताहरूलाई हरेक पूर्णिमामा चढाउनुपर्ने वस्तुमा बोका पनि छ ।

मनमोहनचोकको वर्षवर्धनपूजा फाल्गुनपूर्णिमाको दिन गर्नुपर्छ भनी यहाँ लेखिएकोले (१८-१९ पङ्क्ति) मनमोहनचोकको सुनधाराको प्रतिष्ठा फाल्गुनपूर्णिमामा भएको देखिन्छ । मनमोहनचोकको सुवर्णपत्रमा ने.सं. ७६९ फाल्गुनकृष्णसप्तमीमा मनमोहनचोकदरबार बनाइएको भनी लेखिएकोले[१६] धाराको प्रतिष्ठाचाहिँ एक हप्ता जतिअगाडि भएको देखिन्छ । त्यस वर्षवर्धनपूजामा चाहिने वस्तुमा बोका, भँडा, हाँस र माछा पनि छन् ।

वैशाखपूर्णिमाको दिन नाट्येश्वरको पूजा यति यति वस्तु राखेर गर्नुपर्छ भनी लेखिएकोमा भँडा पनि छ ।

---

१५ गौतमवज्र वज्राचार्य २०३३:२० संख्याको अभिलेखको पाठ शुद्धसँग नपढिएकोले मैले त्यसैको भर परी त्यस शिलालेखमा **श्रीश्रीजयप्रतापमल्लदेवेन स्थापित ॰ लिपिसंघसंवृते शिज... पद** (१७ पङ्क्ति) भन्ने पाठ मानेर **प्रताप मल्लले ने.सं. ७७४ (वि.स. १७१०)मा राखेको, थरीथरीका लिपि भएको शिलापत्रलाई यहाँ लिपिसंघसंवृत भन्ने विशेषण लगाएको त होइन** (महेशराज पन्त २०७१:१८) भनी मैले लेखेको अब ठीक ठहरिएन ।

१६ यही पुस्तकको ५० पृ. ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

माघपूर्णिमा माघेसङ्क्रान्तिमा गरुडनारायणको पूजा गर्ने कुरा यहाँ लेखिएको छ सधैं माघपूर्णिमामै माघे संक्रान्ति पर्ने नहुने हुनाले यहाँ किन माघपूर्णिमा भनियो त्यो पनि विचारणीय छ। यहाँ सामान्यतया **गरुडनारायण** भनेर **चाँगुनारायण** बुझिने हुनाले **चाँगुनारायणमा** पूजाभाग पठाउने हो कि जस्तो देखिन्छ।

वर्षैपीछे पञ्चमीको दिन वसन्त र कामदेवको पूजा गर्नुपर्ने कुरा अन्त्यमा लेखिएको छ। एउटा आश्चर्य लाग्ने कुरा, अरू अरू अवसरमा गरिने पूजामा जस्तो यहाँ धेरै सामग्रीको कुरा आउँदैन। खालि चामल मात्र चढाउने कुरा छ। चामलको परिमाण पाथीमा दिइए पनि अङ्क नष्ट भएकोले यति नै पाथी भन्न सकिएन। त्यस अवसरमा पुजारी र आचार्य आउनुपर्ने कुरा लेखिएको छ। दुइ जना पुजारी आउनुपर्ने भन्ने बुझिए पनि आचार्यपछि शिलापट्ट खण्डित भएकोले आचार्यको सङ्ख्या भने खुट्टिँदैन।

गूठीमा नियुक्त गुठियारहरूको नाउँ पनि यस शिलालेखमा दिइएको छ। तर शिलापट्ट खण्डित भएकोले यति नै जना गुठियार राखिएका छन् भनी भन्न नसकिए पनि ६/७ जनाको नाउँचाहिँ खुट्ट्याउन सकिन्छ। तीमध्ये एक जना **मयासिंह** भन्ने छन्। बोलीचालीको भाषामा उनलाई **मयासिंह** वा **मयासिङ** भनिए पनि उनको संस्कृतीकृत नाउँ **मायासिंह** देखिन्छ। प्रताप मल्लको आज्ञाअनुसार कुन देवतालाई कुन फूल चढ्ने भन्ने विषयमा उनले रचेको *पुष्पचिन्तामणिनाम*को धर्मशास्त्रीय निबन्धग्रन्थ छ। त्यहाँ उनलाई कृष्णाचार्यका छोरा भनी लेखिएको छ (अस्त्रिद क्राउज़ २०६१)।

पाटनका राजा योगनरेन्द्र मल्ल (वि.सं. १७२४-१७६२, राज्यकाल वि.सं. १७४१-१७६२), काठमाडौँका राजा भूपालेन्द्र मल्ल (वि.सं. ?-१७५७, राज्यकाल वि.सं. १७४४-१७५७) र भक्तपुरका राजा भूपतीन्द्र मल्ल (वि.सं. १७३१-१७७९, राज्यकाल वि.सं. १७५३-१७७९)ले संयुक्त रूपमा पाटनदरबारको मूलचोकमा राखेको ताम्रपत्रमा **कन्तुको बाबु महादेव ओझाले भीम मल्लको कुरा मयासिङद्वारा चुक्ली लगा भीम मल्ललाई सिद्ध्यायो** (रामजी तेवारी आदि २०२१:२४ मा मूलको उल्था) भनी लेखिएकोले प्रताप मल्लको पालामा दरबारमा मयासिङ निकै प्रभावशाली देखिन्छन्।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

शिलापत्रको मूल पाठमा प्रयोग गरिएका चिह्नको विषयमा

१. मूल शिलापत्रमा नष्ट भएका, यतिवटा भनी किट्न नसकिएका अक्षर यस्ता ... चिह्नले जनाइन्छन् ।

२. मूल शिलापत्रमा नष्ट भएका, तर यतिवटा भनी किट्न सकिएका अक्षरमा एक अक्षरको लागि यस्तो एउटा – चिह्न राखिन्छ ।

३. मूल शिलापत्रमा नष्ट भएको अक्षर प्रसङ्गानुरोधले यस्तो [ ] कोष्ठभित्र पढिन्छ ।

४. मूल शिलापत्रमा अहिले नष्ट भए पनि पूर्वसूरिले पढेको पाठ यस्तो ( ) कोष्ठभित्र पढिन्छ ।[1]

५. मूल शिलापत्रमा अहिले नष्ट भए पनि प्रताप मल्लका अरू शिलापत्रमा त्यही पाठ हुँदा भरिएको अक्षर यस्तो (( )) कोष्ठभित्र पढिन्छ ।

मूलपाठ

१. १ श्री ३ कालिकायै नमः ।।

–ा––– संक्षेव जोको तया ।। ह्ङवस अ– ।:। रि––– यान श ... श्रीश्रीशि[व]सिंहमल्ल–––––[श्री]श्रीहा[रहर]सिं[हमल्ल]––––– श्रीश्रील[क्ष्मी]नरसिंहमल्ल ‹ थ्वनलि – जय[प्र]त[ापमल्ल]देवन – विहारदेशया नरपति महाराजा श्रीश्रीनरनारायन ‹ थ्वनलि श्रीश्रीलक्ष्मीनारायन ‹ थ्वनलि वीरनारायन ‹ थ्वया काय [प्राणनारायन] ... श ... प्र[तापम]ल्ल ––– ल ...

२. सेवलपाव चोने कामनान मूलह्मसहितन सूयषुह्म ३६ थओ थओ [शक्तिसहितन थ्वते देव][2] दयक ... स्याग सुवर्ण्णहि[ति]––– जन ‹ का – ि ... सना सुनान ––– थ्व हिति ... ––या शिवलिंगस[थ]ा[पन] पृथ्वीदा[न] सप्तपुरीजात्रा आदिन समस्त पुण्यफल राक जुरो ।। थ्व आखर सेनकर–सां ‹ –––––––– ... थ्व[ते]न फं –– कुल १× थ्वतेन –––––– ३–– पुजायात –– ... [कु]-

---

१ नरहरिनाथ २०१०क र गौतमवज्र वज्राचार्य २०३३:३४ संख्याको आधारमा १३ पङ्क्तिदेखि १६ पङ्क्तिसम्मको पाठको र १७ पङ्क्तिको पुनरुद्धारमा चाहिँ गौतमवज्र वज्राचार्य २०३३:२५ संख्याबाट काम लिइएको छ ।

२ यही पुस्तकको क्रोडपत्र १ सङ्ख्यामा प्रकाशित पहिलो अभिलेखको आधारमा कोष्ठभित्र यी शब्द पढिएका हुन् ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

३. ल १ सियु साखर कुल १ थ्वतेन नित्य नैवेद्य लच्छिया[त] – थ्वते नित्यपूजा ---
------ वर्षप्रति के फं ५ ... – आचार्य्य भोन याचके ⸜ सेराया पुह्लिस कु
(थ्वतेय)। साधन जोरन जुरो । के फं ४ थ्वतेन पुजा जु ४ नैवेद्य जु (४) माधे ता ४
धूपदीप चेकन ⸜ प्र १ स्वा(न)[माल] ... कुन सरभख्वाल भवाणीश[ंकर]--- १
... [माधे] ता १ धूपदीप चेकन अष्टा १ स्वान[मा]ल १ ताय प्र १ जजोम १ थ्वते
फागुपुह्लिस कुह्नु वंशीधर पुजा(हारीयात) ... (के फं १ थ्वतेन पूजा जु १ नै) वेद
(१)– माधि ता १ ... १ जजम १ ... पंचामृत ... [फाल्गु]णशुक्लपुण्णिमा कुह्नु ⸜ ------

४. –थते पूजा यायमाल ।। के फं १ थ्वतेन पूजा जु १ नैवेद्य जु १ माधे ता १ धूपदीप चेकन
(अष्टा १) ----- ताय ... [धूप]दीप ⸜ नैवेद्य जु १ ⸜ चेकन प्र १× स्वानमाल
ताय प्र १ जजम १ के कुल ३ धलिपात ⸜ बजि फं १ --------- (इन्द्र)यात्र
खुह्नुतो इन्द्रपूजा यायमाल ।। के फं ... माधे ता १२ ताय प्र १२ जजोम १२ थ्वते
सप्तवक्त्रह्म मूलह्म नरसिंहख्वार ⸜ वराहख्वार ⸜ अष्टभैरव ⸜ आश्विनशुक्लअष्टमी ..
(कुह्नु) जजमका १ थ्वते कार्त्तिकशुक्ल (सुखरात्रिया ह्न कुह्नु) ... [कु]ल १ धूपदी
नैवेद्य जु १ माधे ता १ चेकन प्र १ -------- जजम -- ताय कुड १ --

५. ... द--- ... ----- नम ।। --- ... [धूप]दीप [चेकन] ... [थ्]वते .
(कार्त्तिक)पूर्णिमा -- पद्यातन नारायण नेह्म देवपूजा याय(माल ।। थ्व कुह्नु) .
[थ्वते]न पूजा जु २ नैवेद्य जु २ (माधे ता २) धूपद(ीपयात चेकन) अष्टा २ स्वानमाल
२ ताय प्र २ जजम २ ... -- पूजा ----- ... यायमाल ।। दक्षिणायणजुपुषुलिस ।
के फं १ थ्वतेन (पूजा जु १ नैवेद्य जु १) ... श्रावणशुक्लपूर्ण्णिमा कुह्नु वायुयात पूज
यायमाल ।। के (फं १) ... (पूजा जु १ नैवेद्य १ माधे ता १) ... अष्टा १ स्वानमाल
१ ता(य) ... न १ थ्वते वर्षपति फाल्गुणकृष्ण दि[न च]तुर्दशी कुह्नु

६. ... (थ्वतेन) ... -- पूजा जु १ ------- १ धूपदीप चेकन अष्टा १ (ताय
... ि[श]वरात्रि कुह्नु छको राहातह्म पूजा याय[माल] ... नैवेद्य जु १ माधे त
१ धूपद(ीप) – चेकन अष्टा १ स्वानमाल १ ताय प्र १ जजम १ थ्वते वर्षप्र
शिव[रात्रि] ... (ह्म पंचवक्त्रशिवपूजा यायमाल ।। के फं ९० पूजावारीपनिस
के फं) ... थ्वते गुथियात जुरो ।। थ्वते मनमोहनचुकस सुवर्ण्णहितिस ... (आयु
आरोग्यजनधनसन्तानवृद्धिरस्तु ।। थ्वते भाषाया दृष्टशाक्षी श्रीम(त् यावत्चन्द्रार्कमेदिनी
... (रविकुल)तिलक हनुमध्वज महाराजाधिराज भूपके(शरी श्रीश्रीजयप्रतापमल्लदेव
सुन्दरचोकस श्रीश्री)लक्षप्रतापेश्वर ⸜ लुया --- सहित स्थापन याञ्जव -------

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

७. ... -- ... -लि -- ... गुथिया क्षत्रेन दक्षिन[त] ---[म]ध्ये दगर ---------[बु रो] १० भुय कपनक्व बु रो ८ भुय ... -ामक्व बु रो ७ भुय धर्माथलि बु रो ५ भु[य] ---- क्व बु रो ३ भुय (न)न्द ब(ु) (रो ५) ---------- भुय (पादे) बु रो २ भुय पासेष्वात बु रो (४) भुय भगवतिषुल बु रो ४ थ्वते बुया वा सचन हनामाल ।। के प्र १ देक ह्राकेयात वि ... (गुगु)लि धूप थनेमाल के फं २९० थ्वतेयान नित्य चेकन प्र १× थ्वते तुच(कं खादरु थ्वति) ... (९०) थ्वते पूजावालि ब्राह्मणस्तं के फं १० थ्वतेन नित्य जजोम (पु ११ तिन दच्छियात के फं १५ थ्वतेन) नित्य (क्षेहु) --- खवि दच्छियात ् के फं -- थ्वतेन बजि प्र ...

८. छि नित्य ... (पं)चोपचार[पूजा] ... दयकं नित्य शिवपुरीस श्री ३ भवानीशंकरस्त पूजा यायमाल ।। पुन ---- वर्षप्रति के फं ४४ थ्वतेयान होमसामग्री पंचो(पचारपूजा) – ण प्र च्छि १ निश्राव जु ८ दंम १३ दक्षिणा देवस्त (चेकन) ... दैवज्ञ आचार्य्य भोजन याचके थ्वते दच्छि दच्छिस बुसाधन यायमाल ।। वर्षप्रति के फं ३२ थ्वतेयान पंचामृतस्नान प्र च्छि १ जोरण – ... (पूजा)यात १ थ्व प(तिभाषा) थ[यं] गुथिकतकन मनिस्त्रपं लोभ यातसा पंचमहापातक राक जुरो [।।] ... (थ्व पतिभाखा थ्यं नि[स्त्रपं] ... दृष्टसा)क्षि श्रीमत् जावत्चन्द्रार्कमेदिनि ।। सम्वत् ७७१ फाल्गुण(शुक्लतृतीयान्तिथौ भु)[य] ओ-दे(वल) --- ।। ७ ।।

स्वस्ति -- (श्रीर)विकुलतिलक हनुमध्वज महाराजाधिराज भूपकेशरी श्रीश्री (कवीन्द्रजयप्र)तापमल्ल-

९. देवन स्वपत्नि ---------- श्रीश्रीरुप(मतीदेवी) ... ममनि सुन्दरचुकस लुंहिति दयकाव जलदान याङ बिज्याङा जुरो ।। सम्वत् ७७१ फाल्गुणशुक्लतृतीयान्तिथौ ।। ७ ।।

स्वस्ति राजराजेश्वरीष्टदेवता(वरलब्ध) – (श्री)स प्रसादन नेपालपालचूडामणि रविकुलतिलक भूप(केशरी) ---- (श्रीश्रीकवीन्द्रज)यप्रतापमल्लदेवन ् थ्व मनमोहनचुक नामं लुहितिसहितन ् सुन्दरचुक नाम राजकुल दयक बिज्याङा आवनलि गोह्म राजान जुरसा ... – थ्व ---- याङान भिन[क]रसा शिवलिंगस्थापन पृथ्वीदान सप्तपुरीयात्रा आदिन समस्त यज्ञफल राक [जुरो] ।। ... [फाल्] गुणशुक्लतृतीयान्तिथौ।। हितिसहितन सुन्दरचुक(या।। पुन भाखा ् महाराजा) धिराज भूप(केश)री श्रीश्रीजयप्रताप(मल्ल)देवन स्वान दयकयात निमित्तिन मनमोहनचुकया लू-

१०. हितिस स्थापना --------- जुरो ।। कर्क ... कार – पातरभुमिकाया पश्चिमतो मार्ग्गेन उत्तरतो ् दक्षिणतश्च ् छिलितासिया पातारभुमिकाया पूर्व्वतो ् एतेषां मध्य थ्वते

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

चात्राघातेन दु केब खा १ ---------- (नित्य)पूजा मनमोहनचु(क)या लु(हि)तिस स्थापना याङ तया श्री ३ भव(नीशंकर) ------ देवस्त छायमाल जुरो ।। पुनर्भाषा थ्वगुलि केबस स्वाननाबाहिकन मेवता छु वस्तुं होराव पियाव ‹ सुनानं सकारे थ्वते मनमोहनचूकस ---- ... राक जुरो ।। थ्व पतिभाखा थ्यं स्वान जुक्व दयकाव निस्त्रपं देवस्त छास्यं हकारे आयुआरोग्यलक्ष्मीसन्तानवृद्धिरस्तु ।। थ्वते (भाखाया दृष्टशाक्षी श्रीमत् जावत्चन्द्रार्कमेदिनी ।। सम्वत् ७७)२ शुभ ।। ७ ।। ।।

भगवतीपुरदेशया महाराज श्रीश्रीसिंह (नारायन ‹ थ्वया काय श्रीश्रीबाघ)नारायन ‹ थ्वया काय श्रीश्रीप(द्म)नारायन ‹ थ्वया काय श्रीश्रीलक्ष्मीनारायन ‹ थ्वया काय

११. श्रीश्रीमदनना(रा)य(न) ‹ (थ्वया काय) [श्रीश्रीजी]वनारा(यन ‹ थ्वया काय)[श्रीश्री-कीर्त्तिनारायन] ---------- दव –त थ्व श्रीश्रीलालमतिदेवी श्रीश्रीजयप्रताप-मल्लदेवया पत्नी ‹ भोगीन्या ‹ गुजरातदेशया श्रीलालदेवी । थ्वपनि नेह्मसन ‹ मनमोहनचुकया लुहितिस स्थापना याङ तय[ा] देवप -------- [या]ङाव मर श्रद्धा दयाव थ्व गुथि त(या ।)। गुथिया ल्याख ।। स्थानस्य उत्तर(तो) -------- (नाम)संज्ञक तिलवकेन पश्चिमतो गुथिकस्य क्षेत्रेन उत्तरतो ‹ [३] कस्य क्षेत्रेन पूर्व्वतो ‹ मार्ग्गेन दक्षिनतो ‹ एतेषां मध्य पंचरोपनीकं क्षत्राङ्कतोपि [५] ... थ्वतेन पूजा ---- [थ्वते]यान स्वानमाल ‹ के फं ३ कुड ३ थ्वतेन गुगूलिधूपयातं के फं ३० थ्वतेयान घेल प्र च्छि १ मतप्वात २ दीप ‹ के फं १५ थ्वतेन निश्राव जु २ के फं ७× थ्वतेयान (माधे ता) --------- (२×) धलिपात के फं ४ थ्वतेयान साखल ‹ थ्वते नैवेद्य के फं ६० थ्वतेयान सेसाफल (‹ तवसे ‹) चकसे ‹ मानसे कमल – चतु -- ‹ खल ------ (बजि) थंङाव दयकेमाल ।। के फं १५ थ्वते ----

१२. के कुड २ थ्वतेया(न) ---------- (दयक) ... रामुग ‹ थ्वतेसिया सायाता प्रच्छितिन दयकेमाल ।। के फं ७× थ्वतेयान ताय कुड १ ह्निन ‹ के फं ३७ थ्वतेयान ‹ माध्य ता ६ खाजा झय्या (म)थ नारी अति स ।। थ्वते ह्निन षुतातीं -- के माल के फं ७× थ्वतेयान ह्निन (दंम) २ दक्षिणा थ्वते सामग्री जोरा ------- (प्रति का)र्त्तिक लच्छितो ह्निह्नि छिया मनमोहनचुकया श्री ‹ शिवभवाणीमन्दिर ‹ लुहितिस स्थापना याङ तया देवपनि पूजा यायमाल ... [कोटि गोहथ्या] (को)टि स्त्रीहथ्या कोटि अगम्यागमन कोटि अभक्षाभक्षन कोटि शिवलिंगध्वंस थ्वते आदिन पाप राक जुरो ।। थ्व पतिभाखा थ्यं लोभ (मयासे सप्तपुरीजात्रा फ(ल) ।। थ्वते भाषाया दृष्टशाक्षी श्रीमत् जावत्चन्द्राक्कमेदिनि ।। सम्वत् ७७

३ सँधियारको नाउँ थाहा नभएकोले ठाउँ खाली छोडेको ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

भाद्रपदमासे शुक्लपक्षे सकल(स)न सेय ---- नेवारभाषा तया ।।

श्रीगणेशाय [नमः ।।]

१३. पापोद्रेकेन मातु((र्ज्जठरकुहरजोच्चारमूत्रोर्म्मिमूर्च्छ-
त्तद्वह्निज्वालमालाविकलितवपुषो यादृशी यन्त्रणा सा ।
आख))यातुं पारितव्या लघुतरमनसा केनचिन्मादृशा वा ।
न ग्राह्यो मेपराधो जननि जयनिधे कालिके त्वं प्रसीद ।।१।।
तादृक्ज्ञानादिहीने ((क्लि))शतरविषये स्वाविलाक्लिन्नदेहे ।
पीडाख्या((ना))दश((क्याद))तिशयरुदिते क्षीरपानाभिलाषी
बाल्येधीने परेषां ((स्मृतिरपि घटते नैव)) (निर्व्वाण)दा(त्र्या ।)
न ग्राह्यो मेपराधो जननि जयनिधे कालिके त्वं प्रसीद ।।२।।
सम्पत्या यौवनाद्यैरहमिति मनसा मानिता नैव क(ालि ।)
((कान्तानां कामकेलीमयरसभजनोल्लासितात्मा भजे स्म ।
नैवाद्यां वन्द्यवन्द्यां क्षणमपि भवतीं मोहजालावरुद्धो ।
न ग्राह्यो मेपराधो जननि जयनिधे)) कालिके (त्वं) प्रसीद ।।३।।
कासस्वासातिकुब्जप्रमुखगदमयत्यन्तजीर्ण्णे जरातो ।
पानप्राणाधिदण्डेशनरुचिहृदये चिन्मयीचित्तशून्ये
मज्जत्कीनाशपाशे निजम((लकलिते वार्द्धके)) वर्द्धि(ता)धौ ।
न ग्राह्यो मेपराधो जननि जलनिधे कालिके त्वं प्रसीद ।।४।।
योगे ((नो ज))ाग((रू))कः श्रुतिविधि((विमु))खः स्मार्त((मार्ग्गापश))क्त((:
सांख्यादौ शक्तिहीनो नयविनय))कथाकर्ण्णने ((कर्ण्णशून्यः ।।))

१४. वाणीमूर्त्तेर्भवत्या भजनमन((नयोश्चिन्तनेव्यग्रचित्तो))
न ग्रा((ह्यो मेपराधो जननि जल))नि((धे कालिके त्वं प्रसीद ।।५।।))
ब्राह्मे शीर्षस्थपद्मे परमशिवसमं मानसैन्नार्च्चिता त्वं ।
बाह्मे तादृग्विधानैः कृतविमलधिया जन्त्रराजे कदापि ।
होमाद्यैर्भक्तिपूर्व्वं कृतमपि सकलं कर्म्म यन्नार्प्पितन्ते ।
न ग्राह्यो मेपराधो जननि जयनिधे कालिके त्वं प्रसीद ।।६।।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

ब्रह्मा((द्यैः पञ्चभू))तैर्व्वपुषि विरचिते ((नादमन्त्रेन)) नित्यां ।
((हंसेश))ीं चि((न्म))यी((˙)) त्वां रविशशिविलसद्दीपतः कामकोपैः ।
ज्ञानासिच्छिन्नसत्वैरणुपमबलिभिः पूजयामि स्म नाहं ।
न ग्राह्यो मेपरा((धो जननि जयनिधे कालिके त्वं प्रसीद ।।७।।
भूम्यादीन् पञ्च शून्ये तदपि मनसि तच्चात्मतत्त्वे धिया त ।
ल्लिंगन्ती सा परन्तत्किमपि सुखमयं तत्त्वविद्यात्मिकामी ।
तज्जा))तो वासनातः क्षणमिति न मया भावितोयं निगूढो ।
न ग्राह्यो मेपराधो जननि जयनिधे कालिके त्वं प्रसीद ।।८।।
पद्माकारेन धाता हरिरपि सततं सिंहरूपेन शंभुः
((प्रेतत्वेनैककाले)) भवति तव लसद्वाहनं यत्त्वदंशाः ।
एते यस्मान्वरोहं तव यजनविधौ नैकभेद((स्य वेत्ता ।))
न ग्राह्यो मेपरा((ध))ो जननि जयनि((धे कालिके)) त्वं प्रसीद ।।९।।
योगीन्द्रोसा((ै महेशो मदनदहनकृच्छूलधारी पि))-

१५. नाकी ।

भोलानाथोऽभ((वत्त्वत))परि((ह))तहृदयो ल((ोचनेषन्नियोगात्
तत्किं वा ते ब्रुवेहं स्तुतिमतिललितां धन्धिमभ्रान्तचित्तो ।))
न ग्राह्यो मेपराधो जननि जयनिधे कालिके त्वं प्रसीद ।।१०।।
कर्ण्णौ सद्वर्ण्णनालिं शृणुतमविरतं गाय रे नाम जिह्वे ।
चेतोंघ्रिं ध्याय पश((येक))ाणयुगल तनुं त्वं निमज्जात्र जीव ।
निर्म्माल्यं जिघ्र ना((से)) गिरिवरदुहितुर्न्न स्म कुर्व्वेहमेव ।
न ग्राह्यो मेपराधो जननि जयनिधे कालिके त्वं प्रसीद ।।११।।
प्रादक्षिन्येन पादौ व्रजतमनुदिनं हस्त पूजां कुरुष्व ।
त्वं मौलेनुप्रणामं हृदयमनुजपं लीनतां याहि जीव ।
इ((त्थं भक्त्या भवान्या तव परकलुषी नाहमर्च्चामकार्षं ।
न ग्राह्यो मेपराधो जननि जयनिधे कालिके त्वं प्रसीद ।।१२।।
विद्यावत्त्वधनित्वभूमिसकलैश्वर्य्यामरत्वादिभिः))

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

किम्वेषत्सुखमिश्रितैर्भयमयैः कालादनीयैरिति ।
बुद्धा शङ्करतैकया तनुवचश्चित्तैर्म्मनः सेव्यतां ।
नित्यानन्दमयी सुरम्यनगरी श्रीशाङ्करी नागरी ।।१३।।
दैवे क((ापालिकादौ श्रु))तिमतनिचये वैष्णवे सौगते वा ।
शैवे सौरे गणेशप्रभृतिमतचये भक्ति((मार्ग्गे गुरोर्व्वा ।))
निर्द्दि((ष्टे कौलिके ते स))मयविधिम((ते नित्यनैमित्ति))कादेः
कुर्व्वाणं नैव ((चर्च्चा तव पदशरणं पाहि मां))
१६. दीननाथे ।।१४।।
गायत्री ((वै))दिकानां जलनिधि((त))न((या)) वैष्णवानां महेशी ।
माहेशानां धरायां भ((वसि मत))वि((धौ योगिनां)) सौगतानां ।
वाराही वज्रपूर्व्वा नियतिरिति पुनस्त्वं हि मीमांसकानां
न ग्राह्यो मेपराधो जननि जयनिधे सर्व्वमार्ग्गैकसेव्ये ।।१५।।
तादृक्पीठेऽतिरम्ये तव हि चरणयोः पर्व्वकालेपि कालि ।
प्रव्यक्तं तन्प्रमादादतिकुमतितया नैव पूजा व्यधायि ।
इत्थं कोपं शरण्ये मयि विहितमृषा ((बन्ध))ने मा विद((ध))या ।
जाते तादृक्कुपुत्रे न भवति शुभदे जातु मातः कुमाता ।।१६।।
षड्र्व्वाम्नायभेदैर्जननि जगति ये ((कौलिकास्त्वां भजन्ते ।
तेषां षट्कर्म्मसिद्धिर्व्विहरति सरसं त्वत्प्रसादात्कराग्रे ।
तेन त्वां स्तौमि केन स्तुतिरपि न तथा)) वर्त्तते वाक्प्रसूते ।
संतोषः स्याद्यया त((`)) निगद))ति तदिदं भूपतिः श्रीप्रतापः ।।१७।।
हृद्वाग्भ्यां कर्म्मणा वा पदकरनयनैर्घ्राणकर्ण्णत्वगाद्यैः
प्रातर्म्मध्याह्नसाये प्रतिनिशमपि यत् कारितं वा क((.))त((म्वा ।
अन्यस्मादात्मना)) वा गुरुजनवचसा दैवतो वा हठाद्वा ।
तत्सर्व्वं मेपराधं परिहर करुणावारि(धे दे)वि कालि ।।(१) ८ (।।
इति) श्रीश्री (प्रतापमल्लविरचि)तं सर्व्वापराधस्तोत्रं स(म्पूर्णम् ।। नानागुणा)-

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

१७. धारधामाधिपधामघोरसंगरदु((र्ग्गमद्वि))रदयूथपतिपादोद्धतधूमाकाधूलिधूसरितदिग्मण्डला-
ता(प्य) जि-कोटि(कोटिदुं)दुभि(दो दोकारप्रलयगर्ज्जद्धाराधरध्यानप्रतिध्वनितदिग्खण्डला-
खण्डलनिजयशः स्व(सम)न्तत श्रीकण्ठहर्म्म्यचन्द्रमण्डलरिपुमुण्डमण्डलखण्ड(न)-
प्रचण्डकाण्डमण्डितकोदण्डालंकृत ...तभु ... भुजदण्डदानसन्तानमानितगुणिगण(सेव्यमा)ननव्य-
भव्यकविसेव्यकाव्यकरणाव्याहताश्रयचुलकितशास्त्रसंभारशितिकण्ठभानुनयनसमुत्थाबाल-
वह्निभस्मीभूतस्मर(स्) ... [श्रीश्रीश्रीपशुपति[४]पादप]- रागरागितश्रीम(न्माने)श्वरीष्टदेवता-
वरलब्धप्रसाददेदीप्यमानरविकुलतिलकहनुमध्वजनेपालेश्वरमहाराजाधिराजश्रीश्रीजयप्रताप-
मल्लदेवेन स्थापितं ॰ लिपिसंघसंवृतशिलापट्टमिद ।। वा------

[का](न्त)ाया नहि कान्तिकान्ततनुगा कान्ते त्वदीयानुगा ॰

छाया पश्य विरम्य कोपमतुल (येषां प्रि)या ---

---------- (परमे)श्वरी

पार्व्वत्या चरणाम्बुजो ----------

१८. [श्रीश्री]कवीन्द्रजयप्रतापमल्लदेवन तया स्थानस्य उत्तरदिशि प्रदेशे साह्मानद ... पूर्व्वतो
दक्षिणतश्च एतेषां मध्य पंचरोपनीकं क्षत्राङ्कतोपि बु रो ५ भुय गोकर्ण्ण बु (रो) ---
-- भुय शुनधा बु रो ४ क्रष ३ चागाड बु रो ८ तोषा बु रो १० साह्मार(शि)वि बु रो
७ थ्वते बुया वलसान हनेमाल ।। मासप्रति पूजा जु १ स्वानमाल १ जजम ताय प्र १ धुप
चेकन अ(ष्टा) ... दम १ दयकाव अक्षत घे(ल) -- स्वान तया(न) चन्द्रमा (नम्मुने
अर्घ बियमार) सप्रति पूर्ण्णमासि कुह्नु पूजा यायमाल जुरो ।। पुन भाषा मासप्रति पूज
जु १ दुगुमा – मूल कवीन्द्रमल्ली टंका १× स्वा(नमाल) जजम ताय प्र १ धूप (घेल)
अष्टा १ दीप बजि प्र १ माध्य ता १ नैवेद्य कर्ण्णपताका जु १४ पंचपताप पु (१४) -
चालपति १४ दृष्टि जु १४ बलिपाता ६ तव नेवल पु १ गोलजा ग्वल १ चनेओल जु ५०
नेओलमाल ६ तव १ दंम ६ दक्षिणा सह्मयजु १ न्या(ह्म) के ---- यान यात जजो
पु १६ धुन पु ६ ॰ ताय पोतास दंम २ गुगूलियात ॰ थ्वते सामग्री दयकाव मासप्रति
पूर्ण्णमासि कुह्नु श्रीमनमोहनचुकया लुहितिस श्री ३ देवीदेवपनिस्त क-- ...

१९. ---------- पस बुन प्र १ म्वात अष्टा २ ङा ---- म
पु ... नेह्मं ॰ दुगु मोटं १ फसिचा ह्मं १ दाम टंका १ हंस ॰ ह्मं १ दाम टंक
१ न्यान सह्मय ॰ होम जोरण सामग्री थ्वते दयकाव फा[ल]गु[ण]

---

४ गौतमवज्र वज्राचार्य २०३३:२०९ मा श्रीश्रीपशुपति° भए पनि देवतामा ३ वटा श्री लाग्ने चल
भएकोले छाप्दा त्रुटि हुन गएको सम्झी श्रीश्रीश्री लेखेको हुँ ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

श[ुक्लपूर्णि]म्या कुहुं वर्षवर्द्धन यायमाल ।। पुन भाषा के फं २२ थ्वतेन ---- [याय]मा(र) । ताय प्र १ जजोम धुप चेकन –ा १ दीप बजि प्र १ माधि ता १ नैवेद्य फसिचा ह्म १ थ्वते जोरन दयकाव प–ा-- ... स्वानमाल ् जजम ताय प्र २ धूप चेकन अष्टा २ दीप बजि प्र २ माध्य ता २ नैवेद्य दुगु ह्मं १ न्यान सह्मय थ्वते वैशाखशुक्लपूर्णिमा कुहु श्री ३ नात्येश्वरन ह्मं पुजा --ल । --- थ्वतेन ् पूजा जु ५ स्वानमाल ५ जजम ताय प्र ५ धूप चेकन अष्टा ५ दीप बजि प्र ५ मा[ध्य ता ५] --- थ्वते ---------- पूर्णिमा कुहुतो --------- जजम ताय प्र ३ धूप चेकन अष्टा ३ दीप ब[जि प्र ३] माधि ता ३ नैवेद्य -- ३ थ्वतेन --- ------ माघशुक्लपूर्णिमा ह्माम्लसंक्रान्ति थ्वपेप प्वातन श्री ३ गरुडनारायणजुस्त पूजा यायमाल ।। के फं ४० थ्वतेन पूजा जु १० स्वानमाल – [जजो]म ताय प्र --- [चेकन] अष्टा १० दीप बजि [प्र १०] ...

२०. -- [म]ण्डल नेगुलिस्तं पुजा यायमाल ।। के फं – थ्वतेन पूजा जु ... [चेक]न अष्टा – दीप ब(जि) प्र (२) माधे ता २ नैवेद्य दयक वर्ष(प्रति) पञ्चमी कुहु श्री ३ वसन्त कामदेव नेह्मं पूजा यायमाल ।। के फं – देव पूजावालि (२) आचा(र्य्य) --ा वयमाल ।। थ्वते भाषा थ्यं नित्य नैमित्तिक जोरण दयकं वर्षप्रति पूजा यायमाल जुरो ।। थ्वया गुथिप्त दटाल काशिराम हरि ---- धुयतराछे मयासिंह मालु नवघर जोगदेव थबहिलि देव ् थ्वते गुथिकतकन थ्व पतिभाषा थ्यं मानन्तप रोभ याक --- [गोह]थ्या ब्रह्महथ्या गुरुहथ्या बालहथ्या स्त्रीहथ्या थ्वते पंचमहापातक राक जुरो ।। रोभ मयास्यं थ्व पतिभाषा थ्यं अच्छिद्र – नि[स्त्र]पं हंकारे आयुआरोग्यजनधनलक्ष्मीसन्तानवृद्धिरस्तु ।। थ्वते भाषाया दृष्टसाक्षि श्रीमत् ज्यावत्चन्द्रार्कमेदिनि ।। सम्वत ७७३ शुभ ।।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

उल्था

(१)

श्रीश्रीश्रीकालिकालाई नमस्कार ।

... छोटकरीमा मात्र राखियो (लेखियो) । पहिले ... श्रीश्रीशिवसिंहमल्ल ... श्रीश्रीहरिहरसिंहमल्ल ... श्रीश्रीलक्ष्मीनरसिंहमल्ल यसपछि ... जयप्रतापमल्लदेवले ...

विहारदेशका राजा महाराज श्रीश्रीनरनारायण, यसपछि श्रीश्रीलक्ष्मीनारायण, यसपछि वीरनारायण, उहाँका छोरा प्राणनारायण ...

प्रतापमल्ल ... सेवा गरेर बस्ने कामनाले मुलम्मासहित छत्तीस ३६ आफ्ना आफ्ना शक्तिसहित यति देवता बनाएर ... सुनधारा ... कसैले ... यो धारा ... को शिवलिङ्गको स्थापना, जग्गादान, सप्तपुरीयात्रा आदि सबै पुण्यको फल लाग्छ ।

यो अक्षर बिगाऱ्यो भने ...

यतिले पाथी ... कुरुवा १½, यतिले ... ३ ... पूजाको लागि ... कुरुवा १, खैरो सखर कुरुवा १, यतिले सधैं नैवेद्य १ महीनाको लागि, ... यति नित्यपूजा ... बर्सेनि चामल पाथी ५ ... आचार्यलाई भोजन गराउने, माघको पूर्णिमाको दिन यतिको सामग्री जोर्ने [काम] भयो । चामल पाथी ४, यतिले पूजासामान भाग ४, नैवेद्य भाग ४, रोटी वटा ४, धूपबत्ती, तेल पाउ १, फूलको माला ... कुनामा शरभमुख, भवानीशङ्कर ...

रोटी वटा ४, धूपबत्ती, तेल छटाक १, फूलको माला १, लावा पाउ १, जजमका १, यति फागुपुर्णेको दिन वंशीधर, पुजारीको लागि ... चामल पाथी १, यतिले पूजासामान भाग १, नैवेद्य १, ... रोटी वटा १, ... १, जजमका १, पञ्चामृत ... फाल्गुनशुक्लपूर्णिमाको दिन यति ... पूजा गर्नुपर्‍यो ।

चामल पाथी १ यतिले पूजासामान भाग १, नैवेद्य भाग १, रोटी वटा १, धूपबत्ती, तेल छटाक १, ... लावा ... धूपबत्ती, नैवेद्य भाग १, तेल पाउ १½, फूलको माला, लावा पाउ १, जजमका १, चामल कुरुवा ३, दहीको कहतारो, चिउरा पाथी १, ... इन्द्रजात्राको दिन इन्द्रपूजा गर्नुपर्‍यो ।

चामल पाथी ... रोटी वटा १२, लावा पाउ १२, जजमका १२, यतिले सातवटा मुख भएका मुलम्मा लगाइएका नरसिंहमुख, वराहमुख, अष्टभैरव आश्विनशुक्लअष्टमीको ... दिन जजमका १ ।

यति कार्तिकशुक्ल सुखरात्रिको अघिल्लो दिन ... कुरुवा १, धूपबत्ती, नैवेद्य भाग १, रोटी वटा

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

१, तेल पाउ १, ... जजमका ... लावा कुरुवा १ ...

... नमस्कार। धूपबत्ती, तेल ... यति कार्तिकपूर्णिमा पद्यातले नारायण २ को देवपूजा गर्नुपर्‍यो। यस दिन ... यतिले पूजासामान भाग २, नैवेद्य भाग २, रोटी वटा २, धूपबत्तीको लागि तेल छटाक १, फूलको माला २, लावा पाउ २, जजमका २ ... पूजा ... गर्नुपर्‍यो।

दक्षिणायनपोखरीमा चामल पाथी १ यतिले पूजासामान भाग १, नैवेद्य भाग १ ... श्रावणशुक्लपूर्णिमाको दिन वायुलाई पूजा गर्नुपर्‍यो।

चामल पाथी १ ... पूजासामान भाग १ ... नैवेद्य १, रोटी वटा १, ... छटाक १, फूलको माला १, लावा ... १, यति बर्सेनि फाल्गुनकृष्णचतुर्दशीको दिन ... यतिले ... पूजासामान भाग १, ... १, धूपबत्ती, तेल छटाक १, लावा ... शिवरात्रिको दिन ...[1] पूजा गर्नुपर्‍यो।

... नैवेद्य भाग १, रोटी वटा १, धूपबत्ती ... तेल छटाक १, फूलको माला १, लावा पाउ १, जजमका १, यति बर्सेनि शिवरात्रि[को दिन] पाँच मुख भएका शिवको पूजा गर्नुपर्‍यो। चामल पाथी ९० पुजारीहरूलाई चामल पाथी ... यति गूठीलाई भयो।

यति मोहनचोकमा सुनधारामा ... आयु, आरोग्य, जन, धन र सन्तानको बढिबढाउ होओस्।

...स बेहोराको दृष्टसाक्षी श्रीचन्द्र-सूर्य-पृथ्वी रहेसम्म। ...

(२)

सूर्यवंशका टीका, झण्डामा हनूमान् भएका, महाराजाधिराज, राजाहरूमा सिंह, श्रीजयप्रतापमल्लदेवले सुन्दरचोकमा श्रीश्रीलक्षप्रतापेश्वर, सुनको ... सहित स्थापना गरेर ...

... गूठीको खेतको दक्षिणपट्टि, ... बीचमा ... खेत रोपनी १०, फेरि कपनतलको खेत रोपनी ८, फेरि ... तलको खेत रोपनी ७, फेरि धर्मस्थलीको खेत रोपनी ५, फेरि ... तलको खेत रोपनी ..., फेरि नन्द (हाँडीगाउँ ?)को खेत रोपनी ५, फेरि पादेको खेत रोपनी २, फेरि पासेख्वातको ... त रोपनी ४, फेरि भगवतीखुलको खेत रोपनी ४, यति खेतको आयस्ताले मनाउनुपर्‍यो। ... मल पाउ १ पिण्डदानको लागि, ... गुग्गुल धूप बाल्नुपर्‍यो। चामल पाथी २९० यतिले सधैं ... पाउ १½, यतिले तोरीको तेल, खादलुमा यति ... ९०, यति पुजारी बाहुनलाई चामल पाथी ... यतिले सधैं जजमका ११ वटा, १ वर्षको लागि चामल पाथी १५ यतिले सधैं क्षेह्रु (खेह्रु ? कपडाको लामो बत्ती) ... वर्ष दिनको लागि चामल पाथी ... यतिले चिउरा पाउ १ सधैं ... ोपचारपूजा ... बनाएर सधैं शिवपुरीमा श्रीभवानीशङ्करको पूजा गर्नुपर्‍यो।

मूलको छको राहातह्रको अर्थ नलागेकोले यस्तो चिह्न ... हालिएको हो।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

फेरि ... बर्सेनि चामल पाथी ४४ यतिले होमसामग्री पञ्चोपचारपूजा ... पाठ एक १, ति
(सिधा) ८ भाग, दम्म १३ भेटी देवतालाई, तेल ... जोशी र आचार्यलाई भोजन गराउने ।
वर्षवर्षमा बुसाधन (वर्षवर्धन) गर्नुपर्‍यो । बर्सेनि चामल पाथी ३२ यतिले पञ्चामृतस्नान
एक १ जोरजाम ... पूजाको लागि १ ।

यस लिखतको बेहोराअनुसार गुठियारले काम नगरी लोभ गर्‍यो भने पञ्चमहापातक लाग्छ ।
लिखतको बेहोराअनुसार गर्‍यो भने ... दृष्टसाक्षी श्रीचन्द्र-सूर्य-पृथ्वी रहेसम्म ।। संवत्
फाल्गुनशुक्लतृतीया तिथिमा । फेरि ... देवल ... ।

(३)

कल्याण होओस् । ... श्रीसूर्यवंशका टीका, भण्डामा हनूमान् भएका, महाराजाधि
राजाहरूमा सिंह, श्रीश्रीकविहरूमा श्रेष्ठ जयप्रतापमल्लदेवबाट आफ्नी पत्नी ... श्रीश्रीरूपमती
... सुन्दरचोकमा सुनधारा बनाएर जलदान गरिबक्स्यो । संवत् ७७१ फाल्गुनशुक्लत
तिथिमा ।

(४)

कल्याण होओस् । राजराजेश्वरी इष्टदेवताको वर पाएका ... श्रीको निगाहले नेपालका राजाहरू
चूडामणि, सूर्यवंशका टीका, राजाहरूमा सिंह, ... श्रीश्रीकविहरूमा श्रेष्ठ जयप्रतापमल्लदेवबाट
मनमोहनचोकको नामले सुनको धारासहित सुन्दरचोक नाम भएको राजदरबार बनाइबक्स
आइन्दा कुनै राजा हुँदा ... यो ... गरेर मर्मत गर्‍यो भने शिवलिङ्गको स्थापना, जग्ग
सप्तपुरीयात्रा आदि सबै यज्ञको फल लाग्छ । ... फाल्गुनशुक्लतृतीया तिथिमा धारा
सुन्दरचोकको ।

फेरि बेहोरा । महाराजाधिराज, राजाहरूमा सिंह श्रीश्रीजयप्रतापमल्लदेवबाट ...[२] बनाउनको
मनमोहनचोकको सुनधाराको स्थापना ... गरिबक्स्यो ।

... पातालजग्गाको पश्चिमपट्टि, बाटोको उत्तर र दक्षिणपट्टि, छिलितासिको पातालज
पूर्वपट्टि, यतिको बीचमा, यति चारकिल्लाभित्र रहेको बगँचा १ खा ... नित्यपूजा मनमोहनचो
सुनधारामा स्थापना गरिएका श्रीश्रीश्रीभवानीशङ्कर ... देवलाई चढाउनुपर्‍यो ।

फेरि बेहोरा । यस बगँचामा फूलबाहेक अरू कुनै वस्तु छर्ने रोप्ने कसैले गर्‍यो भने
मनमोहनचोकमा ... लाग्छ । यस लिखतको बेहोराअनुसार फूल मात्र लगाएर देव

---

२ मूलको स्वानको अर्थ नलागेकोले यस्तो चिह्न ... हालिएको हो ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

बढाएमा आयु, आरोग्य, लक्ष्मी र सन्तानको वृद्धि होओस् ।

यस बेहोराका दृष्टसाक्षी श्रीचन्द्र-सूर्य-पृथ्वी रहेसम्म । संवत् ७७२ । शुभ ।

(५)

भगवतीपुरदेशका महाराज श्रीश्रीसिंहनारायण, उहाँका छोरा श्रीश्रीबाघनारायण, उहाँका छोरा श्रीश्रीपद्मनारायण, उहाँका छोरा श्रीश्रीलक्ष्मीनारायण, उहाँका छोरा श्रीश्रीमदननारायण, उहाँका छोरा श्रीश्रीजीवनारायण, उहाँका छोरा श्रीश्रीकीर्तिनारायण ... भइबक्स्यो । उहाँ श्रीश्रीलालमतीदेवी श्रीश्रीजयप्रतापमल्लदेवकी पत्नी । रानीसाहेब गुजरातदेशकी श्रीलालदेवी, उहाँहरू २ जनाले मनमोहनचोकको सुनधारामा स्थापना गरिएका देवताहरू ... गरेर मनमा श्रद्धा राखेर यो गूठी राखियो ।

गूठीको हिसाब ।

स्थानको उत्तरपट्टि, ... नाउँ भएको कुलोको पश्चिमपट्टि, गूठीको खेतको उत्तरपट्टि, [३] को खेतको पूर्वपट्टि, बाटोको दक्षिणपट्टि, यतिको बीचमा पाँच रोपनी खेत अङ्केऽपि ५ ... यतिले पूजा ... ।

यतिले फूलको माला । चामल पाथी ३, कुरुवा ३ यतिले गुग्गुल धूपको लागि । चामल पाथी १० यतिले घिउ पाउ १, दीयो २ मा बाल्ने बत्ती । चामल पाथी १५ यतिले निसला २ भाग । चामल पाथी ७$\frac{१}{२}$ यतिले रोटी ... वटा । ... २$\frac{१}{२}$ । दहीको कहतारो । चामल पाथी ४ यतिले चक्खर । यति नैवेद्य । चामल पाथी ६० यतिले फलफूल, बिमिरो, चाक्सी, मानसे, कमल, ..., चिउरा राखेर बनाउनुपर्‍यो । चामल पाथी १५ यतिले ... । चामल कुरुवा २ यतिले ... नाएर ... । यति वर्षको गाईजात्रामा नछुट्याईकन बनाउनुपर्‍यो । चामल पाथी ७$\frac{१}{२}$ यतिले गवा कुरुवा १ दिनकादिन । चामल पाथी ३७$\frac{१}{२}$ यतिले रोटी वटा ६ ... । यतिले दिनका दिन ६ थरी ... । चामल पाथी ७$\frac{१}{२}$ यतिले दिनका दिन दम्म २ भेटी । यति सामग्री जोरजाम ... । कार्तिकपीछे महिनाभरि दिनकादिन मनमोहनचोकको श्री ३ शिवभवानीमन्दिर सुनधारामा स्थापना गरी राखिएका देवताहरूको पूजा गर्नुपर्‍यो । ... करोड गोहत्या, करोड स्त्रीहत्या, करोड अगम्यागमन, करोड अभक्ष्याभक्षण, करोड शिवलिङ्गध्वंसन आदिको पाप लाग्छ । यस लिखतको बेहोराअनुसार लोभ गरेन भने सप्तपुरीयात्राको फल । यस बेहोराका दृष्टसाक्षी श्रीचन्द्र-सूर्य-पृथ्वी रहेसम्म ।

संवत् ७७२ भाद्रपद महीनामा शुक्लपक्षमा । सबैले बुझनको [लागि] नेवारभाषामा राखियो ।

सँधियारको नाउँ थाहा नभएकोले ठाउँ खाली छोडेको ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

श्रीगणेशलाई नमस्कार ।

ज्यास्ती पापले गर्दा आमाको पेटको खाल्टोभित्र रहेको गुहु र मूतको छालले मूर्छा परेको, त्य
आगोको ज्वालाको ताँतीले जीउ बेचैन भएको [मैले] जुन किसिमको त्यो यन्त्रणा [प
सानो मन भएका वा म जस्ता कसैले भनेर पार लाग्न सक्दैन । विजयको भण्डार भएकी
आमा कालिका ! हजुरले मेरो अपराधलाई [गम्भीर रूपले] लिनु हुँदैन, मलाई दया गर्नुहो
(१ श्लोक)

त्यस्तो ज्ञान आदि नभएको, गाह्रो विषय भएको, आफ्नो फोहर पानीले जीउ पूरै भिजेको,
बताउन नसक्दा ज्यादै रोइरहेको, दूध खान खोजेको [म] बालककालमा अरूको अधी
रहेकोले निर्वाण दिने [देवी]को सम्झना [मलाई] आएन । विजयको भण्डार भएकी
आमा कालिका ! हजुरले मेरो अपराधलाई [गम्भीर रूपले] लिनु हुँदैन, मलाई दया गर्नुहो
(२ श्लोक)

हे काली ! सम्पत्तिले र जवानी आदिले गर्दा मै हुँ भनेर हजुरको मानमनितो [मैले] गरिनँ ।
स्वास्नीमान्छेहरूसँगको कामक्रीडाको रसको सेवनमा रमाएको, मोहको जालले रोकिएको
आद्यस्वरूपा, ढोगिनेहरूले पनि ढोगिने हजुरको एकैछिन पनि सेवा गरिनँ । विजयको भ
भएकी, हे आमा कालिका ! हजुरले मेरो अपराधलाई [गम्भीर रूपले] लिनु हुँदैन, मलाई
गर्नुहोस् । (३ श्लोक)

बुढेसकालले गर्दा खोकी, दम र ज्यादै कुप्रोपना आदि रोगले ज्यादै गलेको, अपान र
(श्वास छोड्ने र लिने) र खानामा रुचि भएको, चित्तमा चिन्मय शून्य भएको, यमरा
पासोमा अल्झेको, आफ्नै मलले बाँधिएको, बुढेसकालमा मनको रोग बढेको मेरो अपराध
विजयको भण्डार भएकी, हे आमा कालिका ! हजुरले मेरो अपराधलाई [गम्भीर रूपले]
हुँदैन, मलाई दया गर्नुहोस् । (४ श्लोक)

म योगमा जागरूक छैन, वेदको विधिबाट विमुख छु, स्मार्त मार्गमा लागेको छैन, स
आदिमा शक्तिहीन छु, नीति र विनयको कुरा सुन्नमा कान शून्य छ, वाङ्मूर्ति हजुरको भ
मननको चिन्तनमा मेरो मन लागेको छैन । विजयको भण्डार भएकी, हे आमा कालिका ! ह
मेरो अपराधलाई [गम्भीर रूपले] लिनु हुँदैन, मलाई दया गर्नुहोस् । (५ श्लोक)

शिरमा रहेको ब्रह्मकमल (सहस्रारचक्र)मा परमशिवसमान हजुरलाई मैले मानस पूजा गरि
त त्यस्ता विधानद्वारा पनि मन सफा गरी बाह्य यन्त्रराजमा कहिल्यै पूजा गरेँ । होम आदि

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

भक्तिपूर्वक सकल कर्म गरे पनि हजुरलाई अर्पण गरिनँ । विजयको भण्डार भएकी, हे आमा कालिका ! हजुरले मेरो अपराधलाई [गम्भीर रूपले] लिनु हुँदैन, मलाई दया गर्नुहोस् । (६ श्लोक)

ब्रह्मा आदि पञ्चमहाभूत[1]द्वारा बनाइएको शरीरमा नादमन्त्रद्वारा सूर्य र चन्द्र (पिङ्गला र इडा नाडीद्वारा प्राण र अपान)लाई उद्दीपन गरी काम (मूलाधार चक्रमा रहेको कन्दर्प वायु)[2]लाई जगाएर (प्राणकुण्डलिनीलाई जगाएर) नित्या, हंस (प्राण)की ईश्वरी, चिन्मयी हजुरको ज्ञानरूपी खड्गले काटिएका अनुपम बलिहरूद्वारा मैले पूजा गरिनँ । विजयको भण्डार भएकी, हे आमा कालिका ! हजुरले मेरो अपराधलाई [गम्भीर रूपले] लिनु हुँदैन, मलाई दया गर्नुहोस् । (७ श्लोक)

पृथ्वी आदि पञ्च[महाभूत] शून्य (पञ्चतन्मात्रा)मा, त्यो पनि मनमा, त्यो पनि बुद्धिमा, त्यो पनि आत्मतत्त्वमा लीन गर्दै त्यो कुनै सुखमय तत्त्वविद्या भएको, त्यसबाट उत्पन्न वासनाले गर्दा कैछिन पनि मैले यो गोप्य कुराको भावना गरिनँ । विजयको भण्डार भएकी, हे आमा कालिका! हजुरले मेरो अपराधलाई [गम्भीर रूपले] लिनु हुँदैन, मलाई दया गर्नुहोस् । (८ श्लोक)

कमलको रूपमा ब्रह्मा, सिंहको रूपमा हरि, प्रेतको रूपमा शम्भु एकै समयमा सधैं हजुरका अंशको रूपमा रहनुहुन्छ र हजुरको वाहन भएर सेवा गर्नुहुन्छ । म मानिस भएकोले हजुरको भजनविधिमा विविध भेद जान्दिनँ । विजयको भण्डार भएकी, हे आमा कालिका ! हजुरले मेरो अपराधलाई [गम्भीर रूपले] लिनु हुँदैन, मलाई दया गर्नुहोस् । (९ श्लोक)

जहाँ महेश्वर योगीहरूमा श्रेष्ठ हुनुहुन्छ । उहाँले मदन (कामदेव)को दहन गर्नुभएको छ । उहाँले त्रि]शूल लिनुभएको छ । उहाँ पिनाकी (धनुर्धारी) हुनुहुन्छ । उहाँ भोलानाथ हुनुहुन्छ । उहाँमा हजुरले अलिकति मात्र आँखा लगाइदिँदा उहाँको मन हजुरद्वारा हरियो । धन्दाले चित्त भ्रान्त भएको मैले हजुरको अतिसुन्दर स्तुति कसरी भन्न सक्छु । विजयको भण्डार भएकी, हे आमा कालिका ! हजुरले मेरो अपराधलाई [गम्भीर रूपले] लिनु हुँदैन, मलाई दया गर्नुहोस् । (१० श्लोक)

दुइ कान ! हिमालयकी छोरीको राम्रो बयानको ताँती हरबखत सुन, हे जिभ्रो ! [उहाँको] गाउँ गाऊ, हे मन ! [उहाँको] चरणको ध्यान गर, हे दुइ आँखा ! [उहाँको] शरीर हेर, हे

शैव र शाक्त मतमा ब्रह्मा, विष्णु, रुद्र, ईश्वर र सदाशिवलाई पञ्चमहाप्रेत वा पञ्चमहाभूतको अधिष्ठाताको रूपमा लिइन्छ । यसअनुसार ब्रह्मा पृथ्वीतत्त्वको, विष्णु जलतत्त्वको, रुद्र अग्नितत्त्वको, ईश्वर वायुतत्त्वको र सदाशिव आकाशतत्त्वको अधिष्ठाता हुन् । सोहीअनुसार शरीरस्थ मूलाधार आदि चक्रमा तिनको भावना गरिन्छ । (*षट्चक्रनिरूपण* ६, १६, २०, २६ २९ श्लोक) ।

-माधवप्रसाद लामिछाने

षट्चक्रनिरूपण १, ८ श्लोक ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

जीव (आत्मा) ! [उहाँमा] डुब । हे नाक ! [उहाँको] निर्माल्य सुँघ । मैले यसरी गरि
विजयको भण्डार भएकी, हे आमा कालिका ! हजुरले मेरो अपराधलाई [गम्भीर रूपले]
हुँदैन, मलाई दया गर्नुहोस् । (११ श्लोक)

हे दुइ खुट्टा ! दिनका दिन [उहाँको] प्रदक्षिणा गरेर हिँड, हे हात ! [उहाँको] पूजा
हे शिर ! [उहाँलाई] लगातार ढोग । हे हृदय ! लगातार [उहाँको] जप गर । हे जीव (आत्म
[उहाँमा] लीन होऊ । अत्यन्त पापी मैले यसरी हजुर भवानीको पूजा गर्न सकिनँ । विज
भण्डार भएकी, हे आमा कालिका ! हजुरले मेरो अपराधलाई [गम्भीर रूपले] लिनु हुँ
मलाई दया गर्नुहोस् । (१२ श्लोक)

विद्वान् भएर, धनी भएर, जग्गाजमीन भएर, सबै किसिमका ऐश्वर्य र अमरत्व आदि पाए
काम । यी सबै अलिकति सुख मिसिएका, भयमय काललै खाइने वस्तु हुन् । शङ्करसँग
एकाकार हुनुभएको बुझेर श्रीशङ्करको राम्रो शहरमा बस्नु भएकी, नित्यानन्दमयी उहाँको
वचन र मनले सेवा गर्नू । (१३ श्लोक)

न कापालिक आदिमा, न वैदिक मतसमूहमा, न वैष्णवमा, न बौद्धमा, न शैवमा, न सौ
न गाणपत्य आदि देवमतसमूहमा, न गुरुको भक्तिमार्गमा, न कौलिकद्वारा निर्दिष्ट नित्यनैमि
आदिको समयविधिमा मैले कहिल्यै हजुरको चर्चा गरेँ । हे दुःखीहरूकी मालिकनी ! ह
चरणमा शरण पर्न आएको मेरो रक्षा गर्नुहोस् । (१४ श्लोक)

हजुर वैदिकहरूको लागि गायत्री हुनुहुन्छ, वैष्णवहरूको लागि समुद्रकी छोरी (ल
हुनुहुन्छ, माहेश (शैव)हरूको लागि महेशी (शिवकी पत्नी) हुनुहुन्छ । योगीहरूको मतवि
पृथ्वीमा हुनुहुन्छ । बौद्धहरूको लागि वज्रवाराही हुनुहुन्छ । मीमांसकहरूको लागि
हुनुहुन्छ । सबै मार्गबाट मुख्य सेवा गरिने, विजयको भण्डार भएकी, हे आमा कालि
हजुरले मेरो अपराधलाई [गम्भीर रूपले] लिनु हुँदैन, मलाई दया गर्नुहोस् । (१५ श्लोक

हे काली ! हजुरको ज्यादै राम्रो त्यस्तो पीठमा मैले पर्वपर्व (चारवटा नवरात्र)मा पनि प्रमा
वा मेरो बुद्धि ज्यादै भ्रष्ट भएकोले स्पष्टसँग हजुरको चरणको पूजा गरिनँ । हे शरण लिने !
बन्धनमा बाँधिएको ममा त्यस्तो रीस नराख्नुहोस् । हे कल्याणकारिणी आमा ! छोरा
कुपुत्र भए पनि आमा कहिल्यै कुमाता हुन्न् । (१६ श्लोक)

हे आमा ! जगत्मा जुन कौलिकहरू हजुरलाई षडाम्नायभेद (पूर्वाम्नाय, दक्षिणा
पश्चिमाम्नाय, उत्तराम्नाय, ऊर्ध्वाम्नाय, अधराम्नाय)द्वारा भज्छन्, तिनीहरूको षट्कर्मी
हजुरको निगाहले हातको टुप्पैमा सजिलैसँग हुन्छ । हे शब्दकी जननी ! त्यो कुन
हजुरको म स्तुति गरूँ, जसद्वारा सन्तोष होओस्, त्यस्तो भने छैन, आज श्रीप्रताप यो भन
(१७ श्लोक)

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

नले वचनले कर्मले वा खुट्टाले, हातले, आँखाले, नाकले, कानले र छाला आदिले बिहान, दिउँसो, साँझ र हरेक रात अरूद्वारा जे गराएँ, म आफैँले जे गरेँ वा मान्यजनहरूले भनेर अथवा विवश वा हठी भएर जे गरेँ, करुणाकी भण्डार भएकी हे काली ! मेरा ती सबै अपराधलाई रिदिनुहोस् । (१८ श्लोक)

ीश्रीप्रतापमल्लले बनाएको सर्वापराधस्तोत्र पूरा भयो ।

(७)

ाना थरी गुणका आधार, तेजस्वी, डरलाग्दो लडाइँमा किल्ला, बथानका बथान हात्तीमध्ये मुख्य त्तीको पाइलाबाट उठेको धूवाँको आकारको धूलोले फुस्रिएको दिग्मण्डल, ...[६] लडाइँमा करोडौँ रोड ढोलकको आवाजले प्रलयकालमा गर्जेको बादलको आवाजको प्रतिध्वनि दिग्मण्डलमा लिएका, इन्द्रको जस्तो आफ्नो कीर्ति चारैतिर फैलिएका, श्रीकण्ठ (शिव)को दरबारमा न्द्रमण्डल भएका, शत्रुहरूका शिर काट्ने प्रचण्ड बाणले सिँगारिएको धनुले सिँगारिएको त भएका, दानको परम्पराले मानिएका, गुणीको समूहले सेवा गरिएका, नयाँ र भइरहेका विहरूले सेवा गरिने, काव्यरचनाले नरोकिएको आश्रय, शास्त्रको समूह मुखभित्र राखेका, शतिकण्ठ (शिव) र सूर्यको आँखाबाट उठेको अग्निले कामदेवलाई भस्म पारेका, ... ीश्रीश्रीपशुपतिको पाउको धूलोले रङ्गिएका, श्रीमानेश्वरी इष्टदेवताको वरबाट पाएको निगाहले ाज्ज्वल्यमान, सूर्यवंशका टीका, झण्डामा हनूमान् भएका नेपालका राजा, महाराजाधिराज ीश्रीजयप्रतापमल्लदेवले स्थापना गरेको लिपिसङ्घले घेरिएको यो शिलापत्र । ...

ारीको होइन । प्रियमा प्रियको, कान्ति भएको राम्रो शरीरमा भएको

लो रीस थामेर तिम्रो पछि लाग्ने छाया हेर ।

जसका प्यारी ...

रमेश्वरी ।

र्वतीको चरणकमल ... ।[७]

ीश्रीकवीन्द्र जयप्रतापमल्लदेवले राख्नुभयो । स्थानको उत्तरदिशापट्टिको प्रदेशमा साह्मानद ... र्व र दक्षिणपट्टि, यिनको बीचमा पाँच रोपनी खेत अङ्केऽपि खेत रोपनी ५, फेरि गोकर्णमा खेत पनी ..., फेरि शुनधा खेत रोपनी ४ कर्ष ३, चागाड खेत रोपनी ८, टोखा खेत रोपनी १०, ाह्मारशिवि खेत रोपनी ७, यति खेतको आयस्ताले मान्नुपर्‍यो । महीनैपीछे पूजासामान १ भाग,

मूलको "दिग्मण्डलताप्यजि"मा पछिल्ला ३ अक्षरको अर्थ स्पष्ट नभएकोले छोडेको ।
शार्दूलविक्रीडित छन्दमा लेखिएको यो पद्य अतिखण्डित हुँदा बाँकी रहेका शब्दको अर्थ मात्र गरी चित्त बुझाउनुपरेको छ ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

फूलको माला १, जजमका, लावा पाउ १, धूपबत्ती, तेल छटाक ..., ... दम्म १ राखेर अ
घिउ, ..., फूल राखेर चन्द्रमालाई अर्घ दिनुपर्‍यो, हरेक पूर्णिमाको दिन पूजा गर्नुपर्ने भयो

फेरि बेहोरा । महीनैपीछे पूजासामान १ भाग, बोका ..., मूल कवीन्द्रमल्ली टङ्का १½, फू
माला, जजमका, लावा पाउ १, धूप, घिउ छटाक १, बत्ती, चिउरा पाउ १, रोटी एउटा,
कर्णपताका १४ वटा, पञ्चपताका १४ वटा, चालपति (टीकाविशेष) १४, दृष्टि १४, बि
६, नेवल १, गोजा १, चनेओल ५०, नेवलको माला ६, तव १, दम्म ६ दक्षिणा, सह
५ जनालाई जजमका १६, धूप ६, लावाको पोता दम्म २ गुगुल धूपलाई । यति सामग्री
महीनैपीछे पूर्णिमाको दिन श्रीमनमोहनचोकको सुनधारामा देवदेवताका लागि ... ।

... फेरि पाउ १ भटमास, छटाक २ माछा, ... ६ ... पाउ..., २ वटा बोकाको लागि मोहरट
भँडा १ को लागि दामटङ्का १, एउटा हाँसको लागि दामटङ्का १, माछा, सह्मय । होमको
यतिले जोडेर फाल्गुनशुक्लपूर्णिमाको दिन वर्षवर्धन गर्नुपर्‍यो ।

फेरि बेहोरा । चामल पाथी २२ यतिले ... गर्नुपर्‍यो । लावा पाउ १, चिउरा पाउ..., तेल
१, बत्ती, चिउरा पाउ १ रोटी १ वटा, नैवेद्य, भँडा १ यति जोरजाम गरेर ... फूलको
जजमका, लावा पाउ २, धूप, तेल छटाक २, बत्ती चिउरा पाउ २, रोटी २, नैवेद्य, बो
माछा, सह्मय यतिले वैशाखशुक्लपूर्णिमाको दिन श्री:श्रीश्रीनाट्येश्वरको पूजा गर्नुपर्‍यो ।
पूजासामान जोर्नुपर्‍यो ।

जजमका, लावा पाउ ५, धूप, तेल छटाक ३, बत्ती, नैवेद्य, रोटी ३ वटा, ... ३ ।
माघशुक्लपूर्णिमा तिलसङ्क्रान्तिमा... श्रीश्रीश्री गरुडनारायणलाई पूजा गर्नुपर्‍यो । ४० र
पूजा । चामल पाथी ... मण्डल २ को पूजा गर्नुपर्‍यो । कुरुवा यतिले पूजा ... बत्ती,
पाउ २, रोटी २ वटा नैवेद्य बनाएर वर्षैपीछे पञ्चमीको दिन श्रीश्रीश्रीवसन्त र कामदेवको
गर्नुपर्‍यो । चामल पाथी ... देवता, पुजारी २, आचार्य ... आउनुपर्‍यो । यो बेहोराअ
नित्यनैमित्तिक [सामग्री] जोडेर पूजा गर्नुपर्‍यो ।

यसका गुठियार ... काशीराम, हरि, ... धुयतराछेका मयासिंह, मालु, नवघर (नघ
जोगदेव, थबहिलिका देव । यति गुठियारले यस लिखतको बेहोराअनुसार ... गो
ब्रह्महत्या, गुरुहत्या, बालहत्या, स्त्रीहत्या यी पञ्चमहापातक लाग्छ । लोभ नगरेर यस लि
बेहोराअनुसार नटुटाईकन [काम] गरे आयु आरोग्य जन धन लक्ष्मी सन्तानको वृद्धि होओ
यस बेहोराका दृष्टसाक्षी श्रीचन्द्र-सूर्य-पृथ्वी रहेसम्म । संवत् ७७३ । शुभ ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

मनमोहनचोकको दलानको शिलापट्टको फ्याक्सिमिलि



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

लक्षप्रतापेश्वरको मूर्ति

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

मोहनचोकको प्रतापमल्लको स्वर्णपत्राभिलेख

गौतमवज्र वज्राचार्य २०३३:१७ संख्यामा प्रकाशित ।

अहिले मूलसँग रुजू गरी फ्याक्सिमिलिसहित यहाँ प्रकाशित ।

१. १ स्वस्ति ।। राजराजेश्वरीष्टदेवता श्रीश्रीश्रीतलेजुस प्रसा-

२. दन नेपालभूपालचूडामणि रविकुलतिलक महा-

३. राजाधिराज श्रीश्रीजयप्रतापमल्लदेव प्रभु ठाकुल-

४. न थ्व मनमोहनचौक नाम राजकुल दयक बिज्या-

५. ङा आवनलि ग्वह्म राजान जुरसनं थ्व छे निदान

६. मयातसनों सेनकलसनों थ्व चोस्यं तया साहासन का-

७. रसनों ब्रह्महथ्या गोहथ्या बालहथ्या स्त्रीहथ्या अग-

८. म्यागमन अभक्षाभक्षन शिवलिंगध्वंसन थ्वते आदि-

९. न पाप राक जुरो ।। सुनान जुरसनों थ्व छे निदान या-

१०. ङान भिनकरसा ् शिवलिंगस्थापन पृथ्वीदान सप्त-

११. पुरीयात्रा आदिन समस्त यज्ञफल राक जुरो ।।

१२. श्रेयोस्तु सम्वत् ७६९ फाल्गुणवदि ७ ।। शुभ।। ०

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

मनमोहनचोकको स्वर्णपत्रको फ्याक्सिमिलि

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

मनमोहनचोकको सुनधारामा कुँदिएको अभिलेख

धनवज्र वज्राचार्य २०१६:५ र ऐजन २०१९:५९ मा अंशतः र गौतमवज्र वज्राचार्य २०३३:१९ संख्यामा पूर्णतः प्रकाशित । अहिले मूलसँग रुजू गरी फ्याक्सिमिलिसहित यहाँ प्रकाशित ।

(सबभन्दा माथि)

१. १ ह्रव सूर्य्यवंशस श्री ३ रामचन्द्र अवतार जुर ‌ ‌ ध्वया वंशस श्री २ २ हरसिंहदे नेपाल बिज्याकह्य ध्वया वंशस श्री २ महेन्द्रमल्ल ध्वया काय श्री २ शिवसिंहमल्ल ध्व काय श्री २ हरिहरसिंहमल्ल ‌ ध्वया काय श्री २ लक्ष्मीनरसिंहमल्ल ‌ ध्वनलि श्री जयप्रतापमल्लदेव दत ‌ विहारदेशया महाराजा श्री २ नरनारायन ‌ ध्वनलि श्री लक्ष्मीनारायन ‌ ध्वनलि श्री २ वीरनारायन ‌ ध्वया काय श्री २ प्राणनारायन

२. ह्रयाच श्री २ रूपमतीदेवी दत ‌ ध्व रूपमतीदेवी श्रीश्रीप्रतापमल्लदेवया पत्नी

(त्यसपछि)

१. १ स्वस्ति ।। रविकुलतिलक भूपकेशरी श्रीश्रीजयप्रतापमल्लदेव महाराजाधिराजन स्वपत्नी विहारदेशया राजकन्या ‌ श्रीश्रीरूपमतीदेवी ‌ प्रेयसी कार्ण्णाटदेशया श्रीराजम ‌ स्वपुत्र श्रीसुन्दरनारायन ‌ श्रीसूरतुसाहि ‌ पूत्री ‌ श्रीश्रीमतीदेवी ‌ थम ‌ ध्वते स्व

२. परिवारसहितन ‌ जलबिन्दुपतिं ‌ सच्छि दं ‌ देवीलोकप्राप्तिकामनान ‌ ध्व लुहिं दयक बिज्याङा ।। जन्मान्तरस ‌ पुनर्जन्म मुमालकाव ‌ थम ‌ ध्वते परिवारसहितन देवीलोकस ‌ परमेश्वरीया चरणसेव लयाव ‌ चोने कामनान ‌ मूलह्मसहित-

३. न सूयपेह्य ३४ थओ थओस शक्तिसहितन ‌ ध्वते देव दयक बिज्याङा जुरो ।। गो राजान जुरसनोङ ‌ सुनान जुरसनोङ ध्व हिति देव ‌ सालिक ‌ सकल्यं सेनकलसनो ‌ कारसनोङ ‌ कोटि ब्रह्महथ्या ‌ कोटि गोहथ्या ‌ कोटि स्त्रीहथ्या ‌ कोटि अ-

४. गम्यागमन ‌ कोटि अभक्षाभक्षन ‌ कोटिशिवलिंगध्वंसन ‌ ध्वते आदिन पाप रा जुरो ।। गोह्य राजान जुरसनोङ ‌ सुनान जुरसनोङ ‌ ध्व हिति ‌ देव ‌ सालिक सहितन ‌ निदान याङान भिनकलसा ‌ शिवलिंगस्था-

५. पन ‌ पृथ्वीदान ‌ सप्तपुरीजात्रा ‌ आदिन ‌ समस्त यज्ञफल राक जुरो ।। ध्व आ सेनकरसंनो जुरसनोङ ‌ ध्वतेको पाप राक जुरो ।। सम्वत् ७७२ माघशुक्लपूर्णमास्यान्तिथौ ध्वते देवल ‌ गुथियात ‌ बु रोव ३९ दुंता ‌ हनेयात मालको चपरीस रोहोस ।।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

मनमोहनचोकको धाराको अभिलेखको फ्याक्सिमिलि





CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.







CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

१ सङ्ख्या

गरुडासन विष्णु

गरुडमाथि पद्मासनमा बसेका; ५ शिर भएका– ३ मुहार सीधा, दायाँ र बायाँ फर्केका २ अर्धमुहार– सबै शिरमा किरीट लगाएका; १२ हात भएका– दायाँपट्टिका हातले खड्ग, अङ्कुश, बाण, चक्र, गदा समाएका र सबभन्दा तल्लो हात वरद मुद्रामा; बायाँपट्टिका हातले भाला, पाश, धनु, शङ्ख, पद्म र मुशल समाएका– घाँटीमा ग्रैवेयक, हार र लामो हार लगाएका; कानमा कुण्डल, माथुरामा केयूर र हातमा बाला लगाएका; दुवै काँधमा पर्ने गरी उत्तरीय राखेका; शरीरको तल्लो भागमा धोती लगाएका विष्णु । गरुडको दायाँबायाँ २ देवी ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

२ सङ्ख्या

मत्स्यावतार र कूर्मावतार

नीलो वर्णका; १ मुख भएका; किरीट लगाएका; ४ हात भएका– दायाँपट्टिका हातमध्ये माथि चक्र र तल्लो हातले पुस्तक समाएका; बायाँपट्टिका हातमध्ये माथिल्लोले गदा र तल्लोले समाएका– घाँटीमा ग्रैवेयक, लामो हार र वनमाला लगाएका; पाखुरामा केयूर, हातमा ब खुट्टामा कल्ली लगाएका; शरीरको माथिल्लो भाग निर्वस्त्र, दुइ खुट्टाको बीचमा मुजा पर्ने गरी भागमा धोती लगाएका; आलीढासनमा मत्स्यावतार । मत्स्यावतारको बायाँपट्टि उभिइरहेका वेदपुरुष नमस्कारमुद्रामा ।

पहँलो वर्णका; १ मुख भएका; किरीट लगाएका; ४ हात भएका– दायाँपट्टिका हातमध्ये माथि चक्र र तल्लो हातले पद्म समाएका; बायाँपट्टिका हातमध्ये माथिल्लोले गदा र तल्लोले पद्म समाए घाँटीमा ग्रैवेयक, लामो हार र वनमाला लगाएका; पाखुरामा केयूर, हातमा बाला, खुट्टामा लगाएका; शरीरको माथिल्लो भाग निर्वस्त्र, दुइ खुट्टाको बीचमा मुजा पर्ने गरी तल्लो भागमा लगाएका; प्रत्यालीढासनमा कूर्मावतार ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

३ सङ्ख्या

वराहवतार र नरसिंहावतार

तो वर्णका; वराहको मुख भएका; किरीट लगाएका; ४ हात भएका– दायाँपट्टिका हातमध्ये माथिल्लोले चक्र र तल्लो हातले पद्म; बायाँपट्टिका हातमध्ये माथिल्लोले गदा र तल्लोले शङ्ख समाएका– घाँटीमा ग्रैवेयक, लामो हार र वनमाला लगाएका; पाखुरामा केयूर, हातमा बाला, खुट्टामा कल्ली लगाएका; शरीरको माथिल्लो भाग निर्वस्त्र, दुइ खुट्टाको बीचमा मुजा पर्ने गरी तल्लो भागमा धोती लगाएका; आलीढासनमा वराहावतार ।

(वराहावतारमा फलकमा तल भ्रमवश कूर्म राखिएको छ)

१ शिर भएका; ४ हात भएका; किरीट लगाएका; माथिल्ला २ हातमध्ये दायाँ हातले शङ्ख र बायाँ हातले गदा समाएका; आफ्ना दुवै खुट्टा खुम्च्याई हिरण्यकशिपुलाई घुँडामाथि उत्तानो पारेर तल्ला २ हातले आन्द्रा भुइँसम्म लत्रिने गरी पेट चिरिरहेका; घाँटीमा ग्रैवेयक, लामो हार र वनमाला लगाएका; पाखुरामा केयूर, हातमा बाला, खुट्टामा कल्ली लगाएका; शरीरको माथिल्लो भाग निर्वस्त्र, दुइ खुट्टाको बीचमा मुजा पर्ने गरी तल्लो भागमा धोती लगाएका नरसिंहावतार । कपाल छोडेकी, दुवै घुँडाले टेकेकी स्त्री नरसिंहको दायाँपट्टि नमस्कारमुद्रामा । यी स्त्री हिरण्यकशिपुकी पत्नी, प्रह्लादकी आमा कयाधू हुन सक्छिन् ।

(नरसिंहावतारमा फलकमा तल ढाल र खड्ग राखिएको छ)

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

४ सङ्ख्या

वामनावतार

पगरी, उत्तरीय र धोती लगाएका, दायाँ घुँडा टेकेका र बायाँ घुँडा उठाएका, दुवै हातले क
समाई जल खन्याइरहेका, मण्डपमा खाटमाथि बसेका बलि । उत्तरीय र धोती लगाएका,
हातले छत्र समाई बलिले खन्याएको जल काठको फलकमाथि उभिई दायाँ हातमा थापि
वटु । कपाल जुरो पारेकी, चोली र जामा लगाएकी स्त्री मण्डपको बायाँपट्टि । यी स्त्री ब
पत्नी विन्ध्यावली हुन सक्छिन् । पगरी र अङ्गरखा लगाएका, नमस्कारमुद्रामा उभिइ
पुरुष दायाँपट्टि । उत्तरीय लगाएका, दायाँ हात माथि उठाएका र बायाँ हात तल झारेका
पुरुष ती पुरुषको पछाडि ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

परशुरामावतार

ीले वर्णका; १ मुख भएका; किरीट लगाएका; ४ हात भएका– दायाँपट्टिका हातमध्ये माथिल्लोले
क्र र तल्लोले परशु समाएका; बायाँपट्टिका हातमध्ये माथिल्लोले पद्म र तल्लोले शङ्ख समाएका–
नमा कुण्डल, घाँटीमा ग्रैवेयक, लामो हार र वनमाला लगाएका; पाखुरामा केयूर, हातमा बाला,
ुट्टामा कल्ली लगाएका; शरीरको माथिल्लो भाग निर्वस्त्र, दुइ खुट्टाको बीचमा मुजा पर्ने गरी तल्लो
ागमा धोती लगाएका; दुवै काँधमा पर्ने गरी पहेँलो उत्तरीय लगाएका; आलीढासनमा बायाँ
ुट्टाले कार्तवीर्यार्जुनलाई ऐँचिरहेका परशुरामावतार ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

६ सङ्ख्या

रामावतार

हरियो वर्णका; १ मुख भएका; किरीट लगाएका; २ हात भएका; धनुर्बाण लिई शत्रुलाई ताकिरहे
घाँटीमा ग्रैवेयक, लामो हार र वनमाला लगाएका; पाखुरामा केयूर र हातमा बाला लगाए
शरीरको माथिल्लो भाग निर्वस्त्र; धोती लगाएका; पछाडि बाणको ठोक्रो भिरिरहेका; सार
हाँकेको दुइघोडे रथमाथि आलीढासनमा रहेका; पछाडिबाट छातेले छाता ओढाइएका रामाव
नीलो वर्णका; १० शिर (९ मात्र देखिने) भएका; सबै शिरमा किरीट लगाएका; २० हातमै अ
भएका; रथबाट खसिरहेका रावण । रथबाट खसिरहेको सारथिको बायाँ हातमा दुवै घो
लगाम हुँदा घोडा अगाडि बढ्न नसकी पछाडि फर्किरहेको । दुइ जना छाते रथबाट खसिरहे
छाता भाँचिएको । रामपट्टिका रातो र नीलो वर्णका २ हात्तीले रावणपट्टिका उही वर्णका २ हात्ती
पेल्दै ।

द्रोणगिरि बोकी हनूमान् बायाँपट्टिबाट दायाँपट्टि उडिरहेको, दायाँ हातमा खड्ग उजाइरहेका र
घुँडा उठाई उभिइरहेका देवता हनूमान्को पछाडि देखिन्छन् ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

बलरामावतार

तो वर्णका; ५ वटा नागफणा ओढाइएका; १ मुख भएका; किरीट लगाएका; ४ हात भएका– दायाँपट्टिका हातमध्ये माथिल्लोले चक्र र तल्लोले गदा समाएका; बायाँपट्टिका हातमध्ये माथिल्लोले ङ्ख र तल्लोले हलो समाएका– घाँटीमा ग्रैवेयक, लामो हार र वनमाला लगाएका; पाखुरामा केयूर, तमा बाला लगाएका; शरीरको माथिल्लो भाग निर्वस्त्र, दुइ खुट्टाको बीचमा मुजा पर्ने गरी तल्लो गमा धोती लगाएका; दायाँपट्टि बसिरहेको पुरुषको बायाँ खुट्टा र बायाँपट्टि बसिरहेको पुरुषको बायाँ खुट्टा कुल्चेर प्रत्यालीढासनमा रहेका बलरामावतार । दायाँपट्टिको पुरुष दुवै हात मोडिएको ापनो बायाँ घुँडामा राखी भुइँतिर हेरिरहेको; बायाँपट्टिको पुरुषचाहिँ दायाँ हात घुँडामा र बायाँ त मुखनिर उठाई माथितिर हेरिरहेको ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

८ सङ्ख्या

बुद्धावतार

शिरपछाडि प्रभामण्डल भएका; उष्णीषसहित दक्षिणावर्त कपाल भएका; कानमा कुण्डल, घाँटीमा ग्रैवेयक र हातमा बाला लगाएका; सिन्दूर रङ्गको उत्तरासङ्ग र अन्तर्वासक लगाएका; दाहिने हातमा खिक्खिर (सिलाय्कू) र बायाँ हातले पिण्डपात्र समाएर उभिइरहेका बुद्धावतार ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

९ सङ्ख्या

कल्क्यवतार

ीलो वर्णका; १ शिर भएका; किरीट लगाएका; २ हात भएका– दायाँ हातले खड्ग समाएका; ायाँ हात घोडामाथि राखेका– कानमा कुण्डल लगाएका; घाँटीमा ग्रैवेयक, लामो हार र वनमाला गाएका; पाखुरामा केयूर, हातमा बाला लगाएका; शरीरको माथिल्लो भाग निर्वस्त्र र तल्लो ागमा धोती लगाएका; पछाडि बाणको ठोक्रो भिरिरहेका; घोडा चढेका कल्क्यवतार । घोडाको गाडिको खुट्टानिर मानिसको गौंड र घोप्टे परेको शरीर । दायाँ हातले खड्ग र बायाँ हातले ाल समाएको मानिस रूख चढ्दा खसेर उत्तानो परेको ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

१० सङ्ख्या

बालगोपाल

दुइ जना स्त्री मदानीमा बाँधिएको नेती तानी ठेकीमा दही मथ्दै । बालगोपाल दुवै हात ठेकीमा हाल्दै । पछाडि हर्पे देखिन्छ ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

११ सङ्ख्या

कृष्णलीलाका मूर्ति

मण्डपमा बसेका, नीलो वर्णका, किरीट लगाएका, पहेँलो धोती लगाएका, हार र वनमाला लगाएका, पद्मासनमा बसेका श्रीकृष्ण बाँसुरी बजाउँदै । दायाँ घुँडा टेकी बायाँ घुँडा उठाएकी, दायाँ हातले कुनै वस्तु समाएकी, बायाँ हात बायाँ छातीनिर राखेर बसेकी राधा ।

१२ सङ्ख्या

बगँचामा उभिइरहेका श्रीकृष्णले दायाँ हातले एक स्त्रीको दायाँ हात समाएर र बायाँ हातले उसलाई अँगालो हालेर चुमिरहेका । बायाँ खुट्टा माथि र दायाँ खुट्टा तल झारी आसनमा बसिरहेकी, दिक्क भएर बायाँ हात बायाँ कानमा र दायाँ हात आसनमा राखेकी राधातर्फ दुवै घुँडा टेकेर बसेकी सखी दायाँ हातले इशारा गर्दै, तिनै सखी बायाँ हात श्रीकृष्णतर्फ तेर्स्याउँदै । (पछाडि रातो सूर्य) श्रीकृष्णको दायाँतर्फबाट आइरहेका दुइ स्त्रीमध्ये पछाडिकीको हातमा फूल र अगाडिकीको हातमा कुनै वस्तु । श्रीकृष्णले चुमेकी स्त्रीको बायाँतर्फबाट आइरहेका अरू दुइ स्त्रीमध्ये पछाडिकीको हातमा फूल र अगाडिकी स्त्रीले आँलाले इशारा गरिरहेको ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

१३ सङ्ख्या

श्रीकृष्णले एक स्त्रीलाई चुमिरहेको । यसको पछाडि एक स्त्री दायाँ हात चिउँडोमा राखेर हेरिरहेकी। दुवै घुँडा टेकेका श्रीकृष्ण एक स्त्रीको हातबाट टीका लगाउँदै, श्रीकृष्णको पछाडि एक स्त्री दुवै घुँडा टेकी दायाँ हातले डमरु बजाउँदै, बायाँ हातले श्रीकृष्णको उत्तरीय समात्दै ।

१४ सङ्ख्या

नीलो वर्णका किरीट लगाएका, वनमाला लगाएका, श्रीकृष्ण निकुञ्जगृहमा वीणा बजाउँदै। उनको दायाँपट्टि एक स्त्री पद्मासनमा बसेर मृदङ्ग बजाउँदै । बायाँपट्टि अर्की स्त्री दुवै घुँडा टेकेर ताः बाजा बजाउँदै ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

१५ सङ्ख्या

श्रीकृष्ण आफ्नो बायाँपट्टिबाट हिँडिरहेका तीन स्त्रीलाई हेर्दै आसनमा बसेर बाँसुरी बजाउँदै, तीन स्त्रीमध्ये सबभन्दा पछाडिकी स्त्रीले दायाँ हातले सेतो हाँस घोप्ट्याएर च्यापिरहेको र बायाँ हातले आफ्नो ओठ छोपी कृष्णतर्फ फर्केर हिँड्दै। बीचकी स्त्री अघिल्ली स्त्रीको पाखुरा समाउँदै हिँडिरहेकी। सबभन्दा अगाडिकी स्त्री दायाँ हात खुम्चाएर र बायाँ हात सीधा तल झारेर हिँडिरहेकी। मण्डपमा राखिएको शय्यामा बसेकी; दायाँ हात टेकेकी; बायाँ हात उपरखुट्टी लगाएको खुट्टामाथि राखेकी राधाको सामु दुवै घुँडा टेकेकी, दायाँ हात तिघ्रामाथि राखेर बायाँ हात कृष्णतर्फ तेर्स्याइरहेकी सखी।

माथि– पद्मपीठमाथि राखिएको आसनमा बसिरहेका नीलो वर्णका देवता; आफ्नो वाहन सेतो हाँसमा बसिरहेका सेतो वर्णका देवता; नीलो वर्णको मयूर उडिरहेको।

१६ सङ्ख्या

एक स्त्री बिरामी अवस्थामा निकुञ्जगृहमा पल्टिरहेकी, तिनीलाई पानी छम्किँदै अर्को स्त्री।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

१७ सङ्ख्या



बायाँ हात गोडामा राखी पद्मासनमा बसिरहेका श्रीकृष्ण अभयमुद्रामा । श्रीकृष्णको सामु उभिएकी एक स्त्री पनि अभयमुद्रामा ।

१८ सङ्ख्या

दुवै घुँडा टेकेका; दायाँ हात दायाँ तिघ्रामा र बायाँ हात छातीमा राखेर बसेका श्रीकृष्णको सामु दुवै घुँडा टेकी दुवै हात फैलाई बसिरहेकी स्त्री ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

१९ सङ्ख्या

बायाँ हात शिरपछाडि राखी, दायाँ हात खुम्चाई, दायाँ खुट्टा तन्काई, बायाँ खुट्टा खुम्चाई निकुञ्जगृहमा खाटमा पल्टिरहेका श्रीकृष्ण ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

२० सङ्ख्या

एक स्त्री सानी केटीको हात समाउँदै । पछाडि भवन र अर्धचन्द्र देखिन्छ ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

२१ सङ्ख्या

तकियामा अडेस लाई दायाँ घुँडा टेकेका र बायाँ घुँडा उठाएका श्रीकृष्ण; बायाँ खुट्टामा पाटी अडाई दायाँ हातले खरी समाई लेखिरहेका, पानीको भाँडा बायाँपट्टि, अरू अरू पाटी भित्तामा अडाई राखिएका ।

२२ सङ्ख्या

दायाँ घुँडा टेकेर र बायाँ घुँडा उठाएर मण्डपमा बसेकी एक स्त्री दुवै हातले कुनै लाम्चो वस्तु समाएकी । घरको कौसीमा आमनेसामने बसिरहेका, नीलो वर्णका दुइ मयूर । पछाडि अर्धचन्द्र देखिन्छ ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

२३ सङ्ख्या

आसनमा तकियामा अडेस लाई पलेटी मारेर बायाँ हात बायाँ घुँडामा राखी बसिरहेकी एक स्त्रीलाई उभिइरहेकी अर्की स्त्रीले दुवै हातमा कुनै वस्तु समाई दिन लागेकी । बसिरहेकी स्त्रीले दायाँ थापिरहेकी ।

२४ सङ्ख्या

आसनमा पद्मासनमा बसिरहेका श्रीकृष्ण र दायाँ घुँडा टेकी बायाँ घुँडा उठाएकी एक स्त्री आमनेसामने ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

पाश्चात्त्य शैलीका शिलामूर्ति

१ सङ्ख्या

पाश्चात्त्य भेषभूषा र केशविन्यास भएकी, दायाँ हातले गमलाको बिरुवा समाइरहेकी, बसिरहेको बाँदर(?)को टाउकोमाथि बायाँ हात राखेकी स्त्री; तिनीको दायाँपट्टि उभिएकी अर्की स्त्रीले तिनीलाई दायाँ हातले फूल लगाइदिन लागेको। खुट्टाले रूख च्यापेर बायाँपट्टि रूखमा चढेर दायाँ हात हाँगामा राखी बायाँ हातले फूल र पात टिपिरहेको एउटा बालक। त्यस बालकले टिपेको फूल र पात बाँदरले दायाँ हातले लिई बायाँ हातमा जम्मा पारिरहेको।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

२ सङ्ख्या

पाश्चात्त्य भेषभूषा र केशविन्यास भएकी, बसिरहेकी एक स्त्रीले कुनै लाम्चो वस्तु दायाँ हातले समाइरहेकी बच्चीलाई दायाँ हातले च्यापी बायाँ हात थापिरहेकी । अर्धमुहार देखिने, कपाल जुरो पारेकी, दुवै घुँडा टेकेर बायाँ हात घुँडामाथि राखी बसिरहेकी एक स्त्री दायाँ हातले फूल समाउँदै । तिनीको अगाडि दुवै हातले फूलको किस्ती बोकेर उभिइरहेकी अर्की स्त्री ।

३ सङ्ख्या

बायाँपट्टि एक स्त्री उभिएर आफ्नो बायाँ हातमा भाँडामा पानी थापिरहेकी र दायाँ हातले अर्को भाँडो समाइरहेकी, थापिरहेको भाँडोमा अर्की स्त्रीले उभिएरै भाँडोबाट पानी खनाइरहेकी, अगाडि बसेकी अर्की स्त्री बाँड भएको भाँडो दायाँ हातले समाएको । तीनै जना स्त्री पाश्चात्त्य भेषभूषा र केशविन्यासमा ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

४ सङ्ख्या

एक स्त्री बसेर म्यान्डोलिन बजाइरहेकी, उसको दायाँपट्टि बसेकी अर्की स्त्रीले दुवै हातले केही वस्तु समाइरहेकी, अझै दायाँपट्टि एक बच्ची क्लारिनेट बजाइरहेकी ।

५ सङ्ख्या



एक स्त्री उभिएर बायाँ हातले बाजा समाइरहेकी, उसको अगाडि अर्की स्त्री बसेर दायाँ हातले फुल र बायाँ हातले बाजा समाइरहेकी । सबै स्त्री पाश्चात्त्य भेषभूषा र केशविन्यासमा ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

६ सङ्ख्या

आफ्नो लामो कपाल दायाँ हातले उठाएर हिँडिरहेकी स्त्री । तिनीको बायाँपट्टि शृङ्गारका सामान दायाँ हातले तिनीलाई दिइरहेकी केटी । त्यो सामान लिन बायाँ हात फैलाइरहेकी तिनै स्त्री । तिनीको दायाँपट्टि कुनै वस्तु दायाँ हातले समाई बायाँ हातले रुमाल समाएर उभिएकी अर्की केटी । आफ्नो लामो कपाल बायाँ हातले उठाएर हिँडिरहेकी स्त्री । तिनीको दायाँपट्टि दुवै हातले शृङ्गारका सामान तिनीलाई दिइरहेकी केटी । त्यो सामान लिन दायाँ हात फैलाइरहेकी तिनै स्त्री । केटीको बायाँतिर सानो फलकमाथि सुराही छ । तिनीको बायाँपट्टि दुवै हातले ठूलो माछा बोकेर उभिएकी अर्की केटी । ती केटीको दायाँतिर झारी छ ।

७ सङ्ख्या

उभिइरहेकी एक स्त्री बायाँ हातले ततवाद्य समाई त्यसको माथिल्लो भाग बायाँ काँधमा राखी दायाँ हातले त्यो बाजा बजाउँदै, तिनीको अगाडि दुवै घुँडा टेकेर बसिरहेकी स्त्रीले ठूलो ततवाद्य तिघ्रामा राखी बायाँ हातले त्यसको माथिल्लो भाग समाई र दायाँ हातले त्यस बाजाको तार रेट्दै ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

८ सङ्ख्या

दायाँ हातको पाखुरामा कुनै लामो वस्तु अडाएकी र बायाँ हातले तराजु समाएर बसेकी एक स्त्री । तिनीको दायाँपट्टि बायाँ हात उठाइरहेको एक बच्चा र बायाँपट्टि बायाँ हातले बाउल समाइरहेकी स्त्री ।

९ सङ्ख्या

पगरी र अङ्गरखा लगाएका, हार र कानमा कुण्डल लगाएका, दुवै घुँडा टेकी बसिरहेका एक पुरुष (राजा?) ततवाद्य काँधमा अडाई दुवै हातले बजाइरहेका । अगाडि बायाँ घुँडा फलकमा टेकेकी र दायाँ खुट्टा फारेकी, पाश्चात्त्य वेषभूषाकी एक स्त्री सर्प बजाइरहेकी ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

१० सङ्ख्या

पादरीको भेषका, जुत्ता लगाएर उभिइरहेका एक पुरुष बायाँ हातले कुनै वस्तु समाउँदै । तिनको सामुने पाश्चात्त्य भेषभूषाकी, जुत्ता लगाएर उभिइरहेकी एक स्त्री दायाँ हातले कुनै वस्तु समाइरहेकी ।

११ सङ्ख्या

पाश्चात्त्य भेषभूषा र केशविन्यासमा उभिइरहेकी, हुक्का तानिरहेकी एक स्त्री । पाश्चात्त्य भेषभूषा र मुकुट लगाएर उभिइरहेकी, बायाँ हातमा सानो भाँडा बोकेकी अर्की स्त्री तिनीलाई दायाँ हातको चोरआँला ठड्याउँदै ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

१२ सङ्ख्या

कपाल छोडेकी एक स्त्री पलेटी मारेर बसी बायाँ हातले पाटी समाई दायाँ हातले खरीले केही कोरिरहेकी । तिनीको अगाडि घुँडा टेकेर बसिरहेका एक पुरुष ततवाद्य बायाँ काँधमा अड्याएर बायाँ हातले त्यसको माथिल्लो भाग समाई दायाँ हातले तार रेटिरहेका । एक स्त्री खुट्टा खप्ट्याई उभिएर दायाँ हातले आनद्धवाद्य समाई बायाँ हातले बजाइरहेकी । तिनीको अगाडि सीधा उभिएकी अर्की स्त्री ततवाद्य बजाइरहेकी ।

१३ सङ्ख्या

पाश्चात्त्य भेषभूषा र केशविन्यासमा दुवै घुँडा टेकेर बसिरहेकी एक स्त्री । आफ्नो काखमा बसिरहेकी बच्चीलाई दायाँ हातले उनीले च्यापिरहेको । बच्चीले दायाँ हातले दूरबीन समाई हेरिरहेको । ती स्त्रीको बायाँपट्टि पाश्चात्त्य भेषभूषा र केशविन्यासमा अर्की स्त्री बसिरहेकी । ती स्त्रीको बायाँपट्टि अर्की स्त्रीले दायाँ घुँडा पलेटी मारी बायाँ घुँडा उठाएर बसिरहेकी । तिनीको अगाडि दुवै हात शिरमाथि खप्ट्याएर दायाँ खुट्टा टेकेर र बायाँ घुँडा माथि मोडेर नाचिरहेकी स्त्री ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

१४ सङ्ख्या

कुण्डल लगाएका, रत्नमाला लगाएका, हातमा बाला लगाएका, बायाँ खुट्टा खुम्चाएर ओछ्यानमा टेकिरहेका र दायाँ खुट्टा सीधा जस्तै पारी बायाँ हात शिरमाथि, दायाँ हात तकियामा राखी पल्टिरहेका यतैतिरका राजा जस्तो देखिने पुरुष । एक स्त्री ती पुरुषको पछाडि उभिएर दुवै हातले चमर हम्किरहेकी, पुरुषको बायाँपट्टि अर्की स्त्री दायाँ हातले पुरुषको बायाँ काखी र बायाँ हातले बायाँ तिघ्रा दबाइरहेकी, पुरुषको खुट्टामुनि बायाँ घुँडाले टेकी दायाँ घुँडा उठाई बसिरहेकी स्त्रीले ती पुरुषको दायाँ पैताला दुवै हातले दबाइरहेकी । पाश्चात्त्य भेषभूषामा भएका सबै स्त्रीले कपाल छोडेका ।

१५ सङ्ख्या

पलेटी मारेर दायाँ हात खुट्टामा राखी बायाँ हातले ऐना समाइरहेकी रानी । पछाडि एक स्त्री उभिएर रानीको कपाल मिलाइरहेकी । पगरी लगाएका राजा रानीको अगाडि बसेर मृदङ्ग बजाइरहेको । राजाको पछाडि एक स्त्री उभिएर घनवाद्य बजाइरहेकी ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

१६ सङ्ख्या

टोप र पिडौँलासम्म आउने बूट लगाएका एक पुरुष । तिनको अगाडि पाश्चात्त्य भेषभूषा र केशविन्यास भएकी एक स्त्रीले दायाँ हातले कुनै भाँडो दिइरहेकी र पुरुषले दायाँ हातले त्यो लिइरहेको ।

१७ सङ्ख्या

री लगाएका, कानमा ण्डल लगाएका, घाँटीमा ला लगाएका एक पुरुष घुँडा टेकी ततवाद्य दायाँ धमा राखेर बजाइरहेका । को अगाडि दायाँ हातले लको डाँठ समाएर याँ हातको पञ्जा बायाँ डानिर फिजाएकी, दुवै ा फट्ट्याएर नाचिरहेकी, ात्त्य भेषभूषाकी एक ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

पाटन भण्डारखालका दशावतारमूर्ति

१ सङ्ख्या

मत्स्यावतार

२ सङ्ख्या

कूर्मावतार

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

३ सङ्ख्या
वराहावतार

४ सङ्ख्या
नरसिंहावतार

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

५ सङ्ख्या

वामनावतार

६ सङ्ख्या

परशुरामावतार

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

७ सङ्ख्या

रामावतार (?)

८ सङ्ख्या

बलरामावतार



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

९ सङ्ख्या

बुद्धावतार

१० सङ्ख्या

कल्क्यवतार



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

पाटन भण्डारखालका पाश्चात्त्य शैलीका शिलामूर्ति

१ सङ्ख्या

२ सङ्ख्या

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

३ सङ्ख्या



४ सङ्ख्या

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

५ सङ्ख्या

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

यो पुस्तक तयार पार्दा काम लिइएका साधनको तालिका

अस्त्रिद क्राउज्[1] २०६१

= ई.सं. २००५ (वि.सं. २०६१)मा लाइप्जिगविश्वविद्यालयमा एम्.ए.को लागि प्रस्तुत, अस्त्रिद क्राउज्[1]को *उन्तर्सुखुङ्गेन् त्सुर् वेर्वेन्दुङ्ग् फन् ब्ल्यूतेन् बाइ देर् पूजाः दास् द्रित्त कापितेल् देस् पुष्पचिन्तामणि* (पूजामा फूलको प्रयोगसम्बन्धी परिशीलन– *पुष्पचिन्तामणि*को तेस्रो प्रकाश) ।

कमलप्रकाश मल्ल २०५७

= ई.सं. २००० (वि.सं. २०५७)मा काठमाडौँबाट च्वसापासाद्वारा प्रकाशित, कमलप्रकाश मल्लको प्रधानसम्पादक र काशीनाथ तमोट आदि ९ जना शब्दसङ्कलक र तेजरत्न कंसकार सम्पादक भई तयार गरिएको *अ डिक्शन्अरि अफ् क्ल्यास्इक्ल् नेवारी, कम्पाइल्ड् फ्रम् म्यान्युस्क्रिप्ट् सोर्स्इज्*[2] (लेखोट पुस्तकहरूबाट शब्दसंकलन गरिएको, पुरानो नेवारीको कोष) ।

गीतगोविन्द

= जयदेवमा हेर्नू ।

गौतमवज्र वज्राचार्य २०३३

= वि.सं. २०३३ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्यको *हनूमान्ढोका राजदरबार* ।

जयदेव *गीतगोविन्द*

= ई.सं. १९८४ (वि.सं २०४१)मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, बार्बरा स्टोलर मिलरको *द गीतगोविन्द अफ् जयदेव : लभ् सङ् अफ् द डार्क् लर्ड्* (जयदेवको *गीतगोविन्द*- कृष्णदेवको मदनगीत)को भारतीय आवृत्ति ।

डिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३)मा पटनाबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित, उनैको *मेड्इईभल् नेपाल्* ४ भाग ।

---

१ यस थरको उच्चारण हलन्त नगरी अजन्त गर्नुपर्छ ।

२ म्यान्युस्क्रिप्ट् सोर्स्इज् अर्थात् लेखोट पुस्तकहरूरूपी आकर भनी यहाँ लेखिएकोले र यस कोषमा शिलापत्र र ताम्रपत्रबाट पनि शब्द लिइएकोले (कमलप्रकाश मल्ल २०५७: भूमिकाखण्ड २९) यस कोषको नाउँ नै अव्याप्तिदोषले दूषित छ भनी भनिरहनुपर्दैन ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

धनवज्र वज्राचार्य २०१६

= वि.सं. २०१६।९।१।४ मा काठमाडौँबाट धनवज्र वज्राचार्यद्वारा प्रकाशित, उनैको *इतिहास-संशोधन [४६ क्रमागत संख्या]*

प्रतापमल्लका छोराहरूको विषयको भ्रमको निराकरण

आत्मसंशोधन ।

धनवज्र वज्राचार्य २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य प्रधान सम्पादक र रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल सम्पादक भई तयार गरिएको *इतिहास-संशोधनको प्रमाण-प्रमेय* ।

धनवज्र वज्राचार्य २०३०

= वि.सं. २०३० मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित, धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख* ।

नरहरिनाथ २०१०

= वि.स. २०१० मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष २ अङ्कका २४ पृष्ठमा छापिएको, नरहरिनाथको *(नेपाल-राजधानी-काष्ठमण्डप-हनुमद्ध्वज-(हनुमानढोका*)[३]प्रासाद-तुर्या (तुर्जा=तुल्जा=तुलजा=तलेजु)-मन्दिर-दक्षिण-भाग-त्रिशूल-चतुष्क-नमेरु-वेदिकायां काष्ठमण्डपाधिराज-कवीन्द्र-जयप्रतापमल्लदेवस्य) शिलालेखः* (नेपालको राजधानी काठमाडौँ हनूमान्ढोकादरबारको तलेजुमन्दिरको दक्षिण भागको त्रिशूलचोकको चिलाउनेको रूख भएको डबलीमा रहेको, काठमाडौँका राजा कवीन्द्र जयप्रताप मल्लको शिलालेख) ।

नरहरिनाथ २०१० क

= *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका २६-३५ पृष्ठमा छापिएको, नरहरिनाथको *गुह्येश्वर्या इतिहास** (गुह्येश्वरीको इतिहास) ।

नील्स गुत्शो, बेर्न्हार्त कोल्फर र ईश्वरानन्द श्रेष्ठाचार्य २०४४

= ई.सं. १९८७ (वि.सं. २०४४) मा जाङ्क्त आउगूस्तीनबाट फेर्आइनिगुङ्क फीर गेशिक्त्सविस्सेनशाफ्त होख़आजीयन्ज-विस्सेनशाफ्तफेर्लागद्वारा प्रकाशित, नील्स गुत्शो, बेर्न्हार्त कोल्फर र ईश्वरानन्द श्रेष्ठाचार्यको *नेवार् टाउन्ज् यान्ड् बिल्ड्इङ्ज्– यान् इलस्ट्रेट्इड् डिक्शन्अरि* (नेवार शहर र घर– सचित्र कोष) ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

पाण्डुरङ्ग वामन काणे २०३१

= ई.सं. १९७४ (वि.सं. २०३१)मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, पाण्डुरङ्ग वामन काणेको *हिस्टरि अफ् धर्मशास्त्र (एन्शन्ट् यान्ड् मेड्इईभ्ल् रिलिज्अस् यान्ड् सिभ्इल् ल)* (धर्मशास्त्र (भारतको प्राचीन र मध्यकालको धर्मसम्बन्धी र देवानी कानून)को इतिहास) ५ ठेली १ भाग २ संस्करण ।

पूर्णानन्द *षट्चक्रनिरूपण*

= वि.सं. २०४५ मा वाराणसीबाट कृष्णदास अकादमीद्वारा प्रकाशित, प्रह्लाद गिरिद्वारा सम्पादित *श्रीपूर्णानन्दयतिविरचितम् षट्चक्रनिरूपणम् सविमर्श 'प्रह्लाद'हिन्दीव्याख्यासहितम्* (श्रीपूर्णानन्द यतिले बनाएको *षट्चक्रनिरूपण* - विमर्शसहितको प्रह्लाद हिन्दी व्याख्यासहित) ।

ब्रन्वेन ब्लेड्सो २०६१

= ई.सं. २००४ (वि.सं. २०६१)मा शिकागोविश्वविद्यालयमा पीएच्.डीको लागि प्रस्तुत, ब्रन्वेन ब्लेड्सोको *रिट्न् इन् स्टोन्: इन्स्क्रिप्शन्ज् अफ् द काठमाडौँ भ्याल्इज् थ्री किङ्डम्ज्* (ढुङ्गामा लेखिएका– नेपालखाल्डोका तीन राज्यका शिलालेख) ।

भगवान्लाल इन्द्रजी र गेओर्ग ब्यूलर १९३७

= ई.सं. १८८० (वि.सं. १९३७)मा बम्बईबाट प्रकाशित *दि इन्डिअन् यान्टिक्वरि* (भारतीय प्रत्नतत्त्व) ९ ठेलीका १६३-१९४ पृष्ठमा छापिएको, भगवान्लाल इन्द्रजी र गेओर्ग ब्यूलरको *इन्स्क्रिप्शज् फ्रम् नेपाल्* (नेपालका उत्कीर्ण लेख) ।

यो ठेली ई.सं. १९८४ (वि.सं. २०४१)मा दिल्लीबाट स्वाति पब्लिकेशन्जद्वारा फेरि प्रकाशित ।

महेशराज पन्त २०४२

= वि.सं. २०४२ मा काठमाडौंबाट संशोधन-मण्डलद्वारा प्रकाशित *पूर्णिमा* ६६ पूर्णाङ्कका १-२६ पृष्ठमा छापिएको, महेशराज पन्तको *लिच्छविकालको एउटा अभिलेखमा परेको किरातवर्षधर भन्ने शब्दको विषयमा ।*

महेशराज पन्त २०६३

= वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२४ पूर्णाङ्कका १-३१ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र* ।

महेशराज पन्त २०६९

= *पूर्णिमा* १३८ पूर्णाङ्कका १२९-१७४ पृष्ठमा छापिएको, महेशराज पन्तको *नयाँ ठ्यासफू* ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

महेशराज पन्त २०७१

= वि.सं. २०७१ मा काठमाडौँबाट हनुमान*ढोका दरवार संग्रहालय विकास समितिद्वारा प्रकाशित *स्मारिका २०७१* का १८-२४ पृष्ठमा छापिएको, महेशराज पन्तको *प्रताप मल्लको लिपिसङ्ख्यात्मक शिलापत्रमा लिपिसङ्ख्याको विषयमा।*

महेशराज पन्त २०७३

= वि.सं. २०७३ मा प्रकाशित *पूर्णिमा* १४३ पूर्णाङ्कका १३३-१८० पृष्ठमा छापिएको, महेशराज पन्तको *सबभन्दा पहिले प्रचारमा आएको ठ्यासफू- ४ खण्ड*। यसमा सहायक रोशनी श्रेष्ठ।

महेशराज पन्त २०७६

= वि.सं. २०७६ मा काठमाडौँबाट नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय हनुमान्ढोका दरबारसंग्रहालय विकाससमितिद्वारा प्रकाशित स्मारिका-२०७६ का १८-२६ पृष्ठमा छापिएको, महेशराज पन्तको *वि.सं. २०७२ को ठूलो भँचालोले ध्वस्त वंशगोपालमन्दिरको पुनर्निर्माण सम्पन्न भएको अवसरमा– प्रताप मल्लको वंशगोपालमन्दिरको शिलालेख*।

महेशराज पन्त २०७६ क

= वि.सं. २०७६ मा काठमाडौँबाट राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* ३६ पूर्णाङ्कमा छापिएको, महेशराज पन्तको *मान्धाता सिंहको गीतकेशव*।

रामजी तेवारी आदि २०२१

= वि.सं. २०२१ मा काठमाडौँबाट नेपाल सांस्कृतिक परिषद्द्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यको *ऐतिहासिक-पत्रसंग्रह* २ भाग।

षट्चक्रनिरूपण

= पूर्णानन्दमा हेर्नू।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

धन्यवाद

यस पुस्तकको तयारीका विभिन्न चरणमा मलाई सहयोग गर्नेहरूमा कृतज्ञता अर्पण गर्नु मैले आफ्नो कर्तव्य सम्झेको छु । यस अन्वेषणको आवश्यकता बुझी त्यसको लागि उचित व्यवस्था तत्परताका साथ गरिदिनुभएकोमा हनुमान्ढोकादरबारसंग्रहालयविकाससमितिका कार्यकारी निर्देशक अरुणा नकर्मीलाई धन्यवाद ज्ञापन गर्छु । यो अन्वेषण गर्दा आइपरेका सानाठूला व्यावहारिक अडचन हल गरिदिनुभएकोमा त्यही संग्रहालयका शाखा-अधिकृत जयनारायण कार्की र ख. मिठाराम पुडासैनी धन्यवादका पात्र हुनुहुन्छ । यो पुस्तक तयार गर्न मैले बोलेका र लेखेका कुरालाई कम्प्युटरमा चढाउनमा युवेशरत्न वज्राचार्य, चिनीकाजी महर्जन र शर्मिला मल्लले गरेको परिश्रमको सम्झना यस प्रसङ्गमा अनायास हुन्छ । मोहनचोकको शिलापट्टको नापो लिने काम रुचि लिई गरिदिएकोमा हनुमान्ढोका-संग्रहालयकी सहायक पथप्रदर्शक अञ्जु शाक्यलाई धन्यवाद छ । मोहनचोकको शिलापट्टको र त्यहाँका शिलामूर्तिको तथा अरू सम्बद्ध फोटोको श्रेय पुरातत्त्वविभागका अधिकृत मञ्जरी प्रधान, हनुमान्ढोकादरबारसंग्रहालयविकाससमितिका फोटोग्राफर सुनील डङ्गोल र धर्मेन्द्र महर्जनलाई जान्छ । पाटन भण्डारखालका दशावतारमूर्ति र पाश्चात्त्य शैलीका मूर्तिको फोटो जुटाइदिएकोमा पाटनसङ्ग्रहालयका सङ्ग्रहालय-अधिकृत सुरेशमान लाखे र सहायक पथप्रदर्शक सुनील पाण्डे लाई धन्यवाद छ । यस पुस्तकमा गाभिएका चित्रको शब्दमा गरिएको वर्णन चुस्त दुरुस्त पार्न उपप्राध्यापक डा. जुनु बासुकला रञ्जितकार, युवेशरत्न वज्राचार्य तथा लेखक बिनु पोखरेलको सहयोगको स्मरण गर्नु आवश्यक छ । ❑❑

संग्रहालयका उपलब्ध सुविधाहरु

संग्रहालय खुल्ने दिन र समय :

हप्ताको सातै दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म खोलिने छ ।
चोकहरु बिहान ८:३० बजेदेखि साँझ ६ बजे सम्म खोलिने छ ।
टिकट काउन्टर बिहान ९ बजेदेखि ४ बजेसम्म खोलिने छ ।

संग्रहालय बिदा हुने दिनहरु :

संग्रहालय वर्षको १३ दिन विभिन्न पर्वहरुमा बन्द रहने छ ।
(इन्द्रजात्रा, घटस्थापना, फूलपाती, महाअष्टमी, महानवमी, विजया दशमी, एकादशी, चतुर्दशी, लक्ष्मीपूजा, गोबर्द्धन पूजा (म्ह पूजा), भाइटिका, फागु पूर्णिमा, चैत्र दसैं (अष्टमी)

प्रवेश शुल्क :

नेपाली दर्शक रु. ३०।-
शुक्रबार नेपाली विद्यार्थी रु. १५।-
सहुलियत
विदेशी दर्शकहरुका लागि
का.म.न.पा. को प्रवेश शुल्क
काउन्टरबाट एकद्वार प्रणालीअनुरुप

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

मूल्य रू. : ५००/-